# चित्र–गृहपति

सम्पादक:

भिक्षु सम्यक ज्योति

Downloaded from http://dhamma.digital

# चित्र-गृहपति



सम्पादक :

भिक्षु सम्यक ज्योति

Downloaded from http://dhamma.digital

प्रकाशक:

**मणिरत्न बज्राचार्य**

भक्तपुर, जगाति ।

फोन नं. ६१०६४५

बु. सं. २५३५

ने. सं. १११२

वि. सं. २०४८

दोस्रो संस्करण :- ५०० प्रति

मूल्य रू. ६।–

मुद्रक:

**कृष्णा प्रिन्टर्स**

इटुम्बहाल (बहालभित्र) काठमाडौं, नेपाल । फो. नं. २१६८५६

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भूमिका

बुद्धको समयमा धर्मलाई राम्ररी जान्न सक्ने मात्र नभई धर्मलाई राम्ररी साक्षात्कार गरी व्याख्यान समेत गर्न सक्ने गृहस्थीहरू थिए। यिनीहरू मध्ये चित्र गृहपतिको नाउँ विशेष उल्लेखनीय छ। यिनको जन्म हुँदा विचित्र रूपले पुष्प वृष्टि भएको हुनाले नै यिनको नाउँ "चित्र" भनिएको हो। यिनको पिता परलोक भएपछि यिनले आफ्नो पिताको सेठ-पद पाएका थिए। भौतिक धन सम्पत्तिले सुसम्पन्न तथा कुशल धर्मले पनि सुसम्पन्न थिए। चित्र-गृहपति बुद्धका प्रथम शिष्यहरू पञ्चभद्र वर्गीय मध्येका महानाम महास्थविर मच्छिकासण्डमा भिक्षाटन गइरहेको देखेर प्रभावित भई वहाँले दिनु भएको सलायतन विभङ्ग सूत्रको उपदेश सुनी सर्वप्रथम श्रोतापन्न भएका थिए।

एकदिन भगवानका प्रमुख शिष्य अग्रश्रावक सारिपुत्र महास्थविर र महामौद्गल्यायन महास्थविर विभिन्न महास्थविरहरू सहित १००० भिक्षुहरूका साथ काशिबाट चारिका गर्दै मच्छिकासण्ड



Downloaded from http://dhamma.digital

नगरमा आउँदै हुनु हुन्छ भन्ने कुरा सुनी चित्र गृहपति अग्रश्रावक महास्थविरहरूको स्वागतार्थ गए। अम्बाटकाराममा आइ पुग्नु भए पछि सारिपुत्र महास्थविरले चित्र गृहपतिलाई धर्मोपदेश गर्नु भयो। यो उपदेश सुनी चित्र गृहपतिले अनागामी मार्ग साक्षात्कार गरे।

एकदिन चित्रगृहपतिको मनमा यस्तो विचार आयो यत्तिका वर्ष वितिसकेर पनि मैले भगवान बुद्धको दर्शन भेट गर्न पाएको छैन। मैले अनागामी मार्ग फल साक्षात्कार गरेको ३० वर्ष भइ सक्यो। ३२ महापुरूष लक्षणहरूले युक्त हुनु भएका तथागत सम्यक सम्बुद्धको दर्शन गर्नु मङ्गल हो। अतः वहाँको दर्शनार्थ श्रावस्ती जानु पर्‍यो। यति विचार गरी चित्रगृहपति पाँच सय गाडामा अनेक सम्पत्ति तथा खाद्य भोज्य पदार्थ राखी, श्रावस्तीमा जान चाहने भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई पनि आमन्त्रण गरी करीब दुई हजार परिवारहरूका साथ आपना भार्या सहित मच्छिकासण्ड नगरबाट श्रावस्तीका लागि प्रस्थान गरे। मगध देशबाट ३० योजन टाढा रहेको श्रावस्ती स्थित जेतवन विहारमा पुग्न एक महीना लागेको थियो। जेतवन विहारमा पुगिसकेपछि चित्रगृहपतिले बुद्ध प्रमुख भिक्षु संघलाई एक महीनासम्म प्रतिदिन दान पुण्य गरेर पनि आफुले लगेको वस्तुहरू सिध्याउन नसकी भगबानसंग अनुरोध गरी ५०० गाडाका माल सामानहरू जम्मै संघको निम्ति चढाई दिए।

भगवान बुद्धले चित्र-गृहपतिलाई सलायतन विभङ्ग सूत्र को उपदेश दिनु भएको थियो। भगवान बुद्धले चित्र-गृहपतिको पाण्डि-



Downloaded from http://dhamma.digital

त्यताको प्रशंशा गर्नु हुँदै उपासकहरू मध्ये धर्म व्याख्यान गर्नमा चित्र गृहपति अग्र छन् भनी घोषणा गर्नु भयो ।

चित्र गृहपतिको कथा अध्ययन गर्दै लग्दा १) संयोजन २) धातु कथा ३) शाश्वत लोक ४) प्रातिहार्य ५) निर्वाण रथ ६) निरोधसमापत्ति ७) अनिमित्त चित्त आदि विषयहरूको अवगत हुन्छ । जुन अति महत्वपूर्ण छ ।

प्रस्तुत चित्र–गृहपतिको कथा आयुष्मान सम्यकज्योतिले स्व. महानायक अमृतानन्द महास्थविरले लेख्नु भएको बुद्धकालीन गृहस्थी भाग–१ बाट उद्धृत गरिएको हो । आयुष्मान सम्यकज्योतिलाई उक्त कथा अध्ययन गर्दा आफूलाई अति घट परेकोले एउटा छुट्टै किताब प्रकशमा ल्याउने अभिलाषा गरेको थियो । प्रस्तुक कथा गृहस्थीहरू-लाई अति उपयोगी भएको छ । यसमा चित्र गृहपतिको आदर्श लिन योग्य कुराहरू धेरै छन् ।

आयुष्मान सम्यकज्योतिले समयलाई खेर नफालि समय–समयमा स-साना भएता पनि महत्वपूर्ण पुस्तकहरू सम्पादन गरी रहनु भएको छ ।

अन्त्यमा कष्ट नमानीकन प्रुफ हेर्नु भएका सुगत रत्न बज्राचार्य तथा कृष्णा प्रिन्टिङ्ग प्रेसका परिवार पनि धन्यवादका पात्र हुनु भएको छ ।

भिक्षु बुद्धघोष महास्थबिर

सुमङ्गल बिहार
ललितपुर लुखुसि वडा नं. ६
१ बैसाख २०४९



Downloaded from http://dhamma.digital

## अन्तरमुखी भईं हेरौं !

विपस्सना नै मुक्तिको मार्ग हो,
मेहनतले नै प्राप्त हुन्छ त्यो,
एकचित्त गर्नेको पुग्छ माथि,
केवल कुरा मात्र गर्नेको मार्ग रोक्छ ।

भिक्षु सम्यक ज्योति



Downloaded from http://dhamma.digital

# चित्र-गृहपति

## परिचय

बुद्धको समयमा बुद्ध-धर्म राम्ररी जान्नसक्ने मात्र नभई बुद्ध-धर्म राम्ररी साक्षात्कार गरी ब्याख्यान समेत गर्न सक्ने गृहस्थीहरू थिए। यिनीहरू मध्ये चित्र-गृहपतिको नाउँ विशेष उल्लेखनीय छ।

यिनको जन्म मगध देशस्थित मच्छिकासण्ड भन्ने नगरका ख्यातिप्राप्त एक प्रतिष्ठित कुलमा भएको थियो। अङ्गुत्तरार्थकथानुसार यिनको जन्म हुँदा विचित्र रूपले पुष्पवृष्टि भएको हुनाले नै यिनको नाउँ 'चित्र' भनिएको हो। यिनको पिता परलोक भएपछि यिनले आफ्नो पिताको सेठ-पद पाएका थिए। भौतिक धनसम्पत्तिले सुसम्पन्न भएझैं यी चित्र-गृहपति सदाचार तथा कुशल धर्मले पनि सुसम्पन्न थिए। त्यस वखतका ख्यातिप्राप्त अरू उपासकहरूको जस्तै यिनको पनि ५०० उपासक मित्र परिवार थिए। चित्र-गृहपतिका अम्वाटक वनखण्ड अतिरिक्त मृगपथक भन्ने अर्को गाउँ पनि अम्वाटक वनखण्डको पछाडि पट्टि थियो।



Downloaded from http://dhamma.digital

यस जीवनमा धर्मावबोध गरी निर्वाण साक्षात्कार गर्न बुद्धकै श्रीमुखबाट उपदेश सुन्नुपर्छ भन्ने नभई कुनै पनि श्रावक भिक्षुहरूबाट धर्मोपदेश सुनी तदनुसार साक्षात्कार गरी अवबोध समेत गर्नसक्छ भन्ने कुराको प्रमाण चित्र–गृहपतिको जीवनले राम्ररो देखाएको छ। यिनले आफ्नो जीवनमा बुद्धसंग दर्शन–भेट नभइकनै सर्वप्रथम बुद्धका प्रथम शिष्यहरू पञ्चभद्रवर्गीय मध्यका महानाम महास्थविर मच्छिकासण्डमा भिक्षाटन गइरहेको देखेर प्रभावित भई वहाँले दिनु भएको षडायतन विभक्ति अर्थात् षडायतन विभङ्ग सूत्रको उपदेश सुनी सर्वप्रथम यिनी स्रोतापन्न फल साक्षात्कार गरी निर्वाण परायण भएका थिए।

महानाम महास्थविरको उपदेश सुनी स्रोतापन्न मार्गफल साक्षात्कार गरी सकेपछि बुद्ध, धर्म तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भई चित्र–गृहपतिले महानाम महास्थविरलाई आफ्नो अम्बाटक वनखण्डमा घरहरू बनाइ चर्तुदिशाबाट आउने भिक्षु सङ्घको नाउँमा प्रदान गरे। पछि यो स्थान अम्बाटकाराम (अम्बाटक विहार) को नाउँले प्रसिद्ध भयो। महानाम महास्थविर यस विहारमा धेरै दिनसम्म बस्नु भएको थियो।

एक दिन चित्र–गृहपतिले महानाम महास्थविरसंग ऋद्धिप्रातिहार्य देखाउनुहुन अनुरोध गरेपछि महानाम महास्थविर त्यस विहार छाडी जानु भयो।

यसपछि अम्बाटकाराम धेरै भिक्षुहरूका केन्द्रस्थान भयो।



Downloaded from http://dhamma.digital

यस विहारमा ऋषिदत्त महास्थविर, महक महास्थविर कामभू महास्थविर, गोदत्त महास्थविर, लकुण्टक भद्रीय महास्थविर र अन्तमा सुधर्म महास्थविर नेवासिक भई बस्नु भएको थियो। चित्र–गृहपतिले अम्बाटकाराममा आउने भिक्षुहरूसंग अनेक धर्म विषयमा छलफल गर्थे। कुनै बेला महास्थविरहरूसंग कुरा सोध्थे, कुनै बेला महास्थविरहरूलाई धर्मको कुरा बताई दिन्थे। यस प्रकार चित्र–गृहपति धर्मधर धर्मकथित भई बसेका थिए।

सुधर्म महास्थविर अम्वाटकाराममा नेवासिकको रूपमा बसिरहनु भएको बेलामा चित्र–गृहपतिले कुनै भिक्षुगण वा सङ्घलाई निम्त्याउनु अथवा कुनै विशेष काम गर्नुभन्दा अगाडि आदरको कारणले सुधर्म महास्थविरसंग सोध्ने गर्थे अथवा वहाँको अनुमतिलाई पुण्यकार्य गर्थे।

एक दिनको कुरा हो, भगवानका प्रमुख शिष्य अग्रश्रावक सारिपुत्र महास्थविर र महामौद्गल्यायन महास्थविर विभिन्न महास्थविरहरू सहित १००० भिक्षुहरूका साथ काशीबाट चारिका गर्दै मच्छिकासण्ड नगरमा आउँदै हुनुहुन्छ भन्ने कुरा सुनी चित्र–गृहपति अग्रश्रावक महास्थविरहरूको स्वागतार्थ गए। अम्बाटकाराममा आइपुग्नु भएपछि सारिपुत्र महास्थविरले चित्र–गृहपतिलाई धर्मोपदेश गर्नु भयो। यो उपदेश सुनी चित्र–गृहपतिले अनागामी मार्ग फल साक्षात्कार गरे। यसै बखत चित्र–गृहपतिले अग्रश्रावक प्रमुख वहाँसंग आउनु भएका एक हजार भिक्षुहरूलाई समेत भोजनार्थ निम्तो गरे।



Downloaded from http://dhamma.digital

अग्रश्रावकहरूलाई निम्तो गरिसकेपछि बिहारमा नेवासिक भई बस्नु भएका सुधर्म महास्थविरलाई पनि भोजनार्थ निम्तो गरे। सुधर्म महास्थविर चित्र–गृहपतिले वहाँसंग नसोधी अग्रश्रावकहरूलाई निम्तो दिएको कुराबाट अप्रशन्न भइ विहार छाडेर जानु भएको कुरा तल लेखिएको मूल पालिबाटै थाहा हुनेछ। यस अप्रसादनीय घटनाको कारण-लाई लिई भगवान् बुद्धले सुधर्म महास्थविरलाई चित्र–गृह-पतिसंग क्षमा माग्न लगाउनु भयो र अन्तमा सुधर्म महास्थ-विरले चित्र–ग्रह पतिको अम्बाटकाराममै बस्नु भई अहमन्य-तालाई समाप्त गरी चतुप्रतिसम्भिदा विशेष ज्ञान सहित अर्हत्व प्राप्त गर्नु भयो।

बुद्धको दर्शन विना नै चित्र–गृहपतिले तीस वर्षभित्र स्रोतापन्न तथा अनागामी मार्ग–फल प्राप्त गरिसकेपछि एक दिन उनको मनमा यस्तो लाग्यो–

यत्तिका वर्ष वितिसकेर पनि मैले भगवान् बुद्धको दर्शन भेट गर्न पाएको छैन। तापनि मैले साँच्चै कै बुद्ध अर्थात् आफैले बोध गर्नु पर्ने बोधिज्ञान लाभगरी आफ्नो विमुक्तिको मार्ग प्राप्त गरी सकेको छु। बतीस महापुरूष लक्षणहरूले युक्त हुनु भएका तथागत सम्यक सम्बुद्धको दर्शन गर्नु पनि कल्याणकरनै हो। अतः वहाँको दर्शनार्थ श्रावस्ती जानु पर्‍यो।

यति मनमा विचार गरी चित्र–गृहपति, पाँच सय गाडामा अनेक सर्म्पत्ति तथा खाद्य–भाज्ये पदार्थ राखी श्रावस्तीमा जान चाहने भिक्षु, भिक्षुणी, उपासक तथा



Downloaded from http://dhamma.digital

उपासिकाहरूलाई पनि आमन्त्रणगरी करीब दुई हजार परिवारहरूका साथ आपना भार्या सहित मच्छिकासण्ड नगर-बाट श्रावस्तीका लागि प्रस्थान गरे। मगध देशबाट ३० योजन टाढा रहेको श्रावस्तीस्थित जेतवन विहारमा पुग्न एक महिना लागेको थियो।

जेतवन विहारमा पुगिसकेपछि चित्र-गृहपतिले बुद्ध प्रमुख भिक्षुसंघलाई एक महिनासम्म प्रतिदिन दान पुण्य गरेर पनि आफुले लगेका वस्तुहरू सिध्याउन नसकी भगवानसंग अनुरोध गरी ५०० गाडाका मालसामानहरू जम्मै सङ्घको निम्ति चढाइदिए।

चित्र–गृहपति श्रावस्तीस्थित जेतवन विहारमा भगवान्-को दर्शनगर्न आउँदैछन् भन्ने सुनी श्रावस्तीवासी उपासक र उपासिकाहरू लस्करका लस्कर चित्र–गृहपतिसंग भेट गर्न गए। तिनीहरू सबैले चित्र–गृहपतिलाई अनेक प्रकारका खाद्य–भोज्य सामानहरू उपहारको रूपमा दिए। चित्र–गृहपतिले महान लाभ सत्कार पाए।

भगवान बुद्धले चित्र–गृहपतिलाई षडायतन विभक्ति अर्थात् षडायतन विभङ्ग सूत्रकै उपदेश दिनु भएको थियो। भगवान बुद्धले चित्र–गृहपतिको पाण्डित्यताको प्रशंसा गर्नु हुँदै उपासकहरू मध्ये धर्म–व्याख्यान गर्नेमा चित्र–गृहपति अग्र छन् भनी घोषणा गर्नु भयो। यस्तै गरी अरू अरू गुण-हरूबारे प्रशंसा गर्नु भएका कुराहरू पनि तल लेखिएका त्यस ठाउँका सूत्रहरूबाटै थाहा हुनेछ।


Downloaded from http://dhamma.digital

यसरी चित्र-गृहपति तथागत सम्यक सम्बुद्धको दर्शनगर
दुई महीनासम्म आउन-जान बाटामा बिताई, एक महीन
जेतवन विहारमा बिताई तीन महीनापछि आपनो घर फर्क

चित्र-गृहपति 'म बुद्ध भक्त हुँ' भनी अन्य धर्मावलम्बी
हरूलाई बेवास्ता गर्दैनथे । उनी अरू धर्मावलम्बीहरूक
आचार्य प्राचार्यहरूको पनि कदर गर्थे भन्ने कुरा मच्छिक
सण्डमा आएका निगण्ठनाथपुत्र कहाँ शिष्टाचार भेटग
गएको कुराबाट स्पष्ट हुन्छ । जुन कुरा तल लेखिएक
'निगण्ठनाथपुत्र' भन्ने शीर्षकमा पाइने छ । आपना ए
साथी जो निगण्ठ सम्प्रदायमा प्रवजित भएको थियो- ३
वर्षसम्ममा पनि कुनै ध्यान प्राप्तगर्न नसकेको कुरा सुन
उस्कै इच्छानुसार भिक्षु सङ्घमा लगी भिक्षुत्व दिलाइ दि
बाट मित्रधर्म पालन गरेको कुरा पनि तल लेखिएको 'अचेल
कश्यप' शीर्षकबाट थाहा पाउन सक्नेछ ।

चित्र-गृहपति बुद्ध-धर्ममा दिक्षित भई ३० वर्षसम्म
उपासकत्वमा बसी शुद्ध तथा निर्मल गृहस्थजीवन बिताई
पुनः यस लोकमा आउन नपर्ने गरी ब्रह्मलोकबाटै परिनिर्वाण
गामी भई, बुद्ध-परिनिर्वाण हुनु भन्दा अगाडि नै देहावशा
भएको कुरा तल लेखिएको सूत्रबाट बुझिन्छ । चित्र-गृहपति
एक धर्मकथिक मात्र नभई एक परमभक्ति सम्पन्न शुद्धजीवी
उपासक पनि थिए । गृहस्थीहरूका जीवन नाप्ने माप-दण्ड
समान चित्र-गृहपतिलाई बनाउनु भएबाट यिनको जीवन
कति उत्कृष्ट थियो भन्ने कुरा स्वत सिद्ध हुन्छ ।


Downloaded from http://dhamma.digital

## १. संयोजन

एक समय केही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बसेका थिए ।

त्यस बखतमा भिक्षाटन सिध्दिएपछि मण्डलमालमा भेला भईबसिरहेका केही थेर भिक्षुहरूका बिच यस्तो कुरा चल्यो–

जो 'संयोजनी' र 'संयोजनीय' धर्महरू' हुन् ती धर्महरू 'नानार्थ– नाना ब्यञ्जन' हुन कि एकार्थ तथा ब्यञ्जनमात्र नाना' हुन ?"

त्यहाँ केही थेर भिक्षुहरूले यस्तो भने– "जो संयोजन र संयोजनीय धर्महरू हुन" ती धर्महरू "नानार्थ र नाना ब्यञ्जन हुन् ।"

केही थेर भिक्षुहरूले भने– 'जो संयोजन र संयोजनीय धर्महरू हुन् । ती धर्महरू एकार्थ तथा ब्यञ्जन मात्र नाना' हुन् ।

त्यस बखत चित्र–गृहपति केही कामले मृगपथक भन्ने आफ्नो गाउँमा आएका थिए । अनि चित्र–गृहपतिले सुने– भिक्षाटन पछि मण्डलमालमा भेलाभई बसिरहेका थेर भिक्षुहरूका बीच–जो 'संयोजन र संयोजनीय धर्महरू हुन् ती धर्महरू 'नानार्थ–नानाब्यञ्जन' हुन की 'एकार्थ तथा ब्यञ्जनमात्र नाना' हुन् ?

त्यसपछि चित्र–गृहपति जहाँ ती थेर भिक्षुहरू थिए


Downloaded from http://dhamma.digital

त्यहाँ गएर थेर भिक्षुहरूलाई अभिवादन गरी एक छेउमा बसे। अनि उनले थेर भिक्षुहरूसंग सोधे:-

भन्ते ! भिक्षाटन पछि मण्डलमालमा भेला भई बसि रहनु भएका थेर भिक्षुहरूका बीच–जो संयोजन र संयोजनीय धर्महरू हुन् ती धर्महरू नानार्थ–नानाब्यञ्जन' हुन कि 'एकार्थ तथा ब्यञ्जनमात्र नाना' हुन् ? 'नानार्थ र नाना ब्यञ्जन' हुन।......'एकार्थ तथा ब्यञ्जन मात्र नाना हुन् भनी कुरा चलेको थियो भन्ने मैले सुने।'

'हो, गृहपति !'

'भन्ते ! जो 'संयोजन' र 'संयोजनीय' धर्महरू हुन्। यिनीहरू नानार्थ र नानाब्यञ्जन' हुन्। भन्ते तपाईहरूलाई उपमा सुनाउँछु। उपमाद्वारा पनि यहाँ केही विज्ञपुरूषहरूले भनेका कुराहरूको अर्थ अवबोध गर्न सक्ने छन्।

"जस्तो कि– एउटै डोरीमा बाँधेको कालो गोरू र सेतो गोरूलाई यदि कसैले–कालो गोरू सेतो गोरूको संयोजन (बन्धन) हो अथवा सेतो गोरू कालो गोरूको संयोजन (बन्धन) हो, भनी भनेमा के उसले यो कुरा ठीक भनेको छ भन्न सक्ला ?"

"हे गृहपति ! सक्दैन। न कालो गोरू सेतो गोरूको बन्धन (संयोजन) हो न त सेतो गोरू नै कालो गोरूको बन्धन हो,बल्कि जुन त्यहाँ एउटै डोरीले (दुबै गोरूहरूलाई) बाधिएका छन् सोही डोरी संयोजन हो।"



Downloaded from http://dhamma.digital

"भन्ते ! यस्तै गरी– न चक्षु रूपको संयोजन हो न रूप नै चक्षुको संयोजन हो, बल्कि जुन त्यहाँ ती दुबैको (चक्षु र रूपको कारणबाट उत्पन्न हुने छन्दराग हो, सोही नै त्यहाँ संयोजन हुन आउँछ। न स्रोत शब्दको बन्धन हो, न शब्द नै स्रोतको बन्धन हो,…… न घ्राण गन्धको बन्धन हो, न गन्ध नै घ्राणको बन्धन हो, …… न जिह्वा रसको बन्धन हो, न रस नै जिह्वाको बन्धन हो, … न काय स्पर्शको बन्धन हो न स्पर्शनै कायको बन्धन हो,…… न मन धर्मको बन्धन हो, न धर्म नै मनको बन्धन हो, बल्कि जुन त्यहाँ ती दुबैको कारणबाट उत्पन्न हुने छन्दराग हो सोही नै त्यहाँ संयोजन (बन्धन) हुन आउँछ।"

"हे गृहपति ! तिम्रो लागि यो लाभ हो। सुलाभ हो ! जो कि तिमी यस्तो गम्भीर बुद्ध वचन बारेमा पनि प्रज्ञा-चक्षु लाभी छौं।"

## २. धातु कथा

एक समय केही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्बाटक वन खण्डमा बसेका थिए।

अनि चित्र–गृहपति जहाँ ती थेर भिक्षुहरू थिए त्यहाँ-गई थेर भिक्षुहरूलाई अभिवादन गरी एक छेउमा बसे। त्यसपछि चित्र– गृहपतिले थेर भिक्षुहरूलाई निवेदन गरे– भन्ते थेर ! भोलीको निम्ति मेरो भोजन स्वीकार गर्नुहोस्!



Downloaded from http://dhamma.digital

'थेर भिक्षुहरूले तूष्णिभावले स्वीकार गरे। थेर भिक्षुहरूले निम्तो स्वीकार गरेको बुझी आसनबाट उठी थेर भिक्षुहरू-लाई अभिवादन तथा प्रदक्षिणा गरी चित्र-गृहपति फर्केर गए।

त्यो रात बितिसकेपछि थेर भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र चीवर ग्रहणगरी जहाँ चित्र-गृहपतिको निवासस्थानहो त्यहाँगई बिच्छयाइराखेको आसनमा बसे।

चित्र-गृहपति थेर भिक्षुहरूका छेउमागई अभिवादन गरी एक छेउमा बसे। त्यसपछि चित्र-गृहपतिले आयुष्मान थेर भिक्षुहरूसंग यो कुरा सोधे:-

"भन्ते! 'धातु नानत्व धातु नानत्व' भनी भनिन्छ कति सम्ममा वा कसरी भगवानले धातुनानत्व हुन्छ भनी भन्नु भएको रहेछ।"

यो कुरा सोध्दा आयुष्मान थेर भिक्षु चुपलागेर बसे।

दोश्रो पटक पनि चित्र-गृहपतिले सोधे:–

"भन्ते! धातु नानत्व, धातुनानत्व भनी भनिन्छ, कति-सम्ममा वा कसरी भगवानले धातुनानत्व हुन्छ भनी भन्नु भएको रहेछ?'

दोश्रोपटक पनि आयुष्मान थेर भिक्षु चुपलागेर बसे।

तेश्रोपटक पनि चित्र-गृहपतिले सोधे:–

"भन्ते 'धातुनानत्व धातुनानत्व' भनी भनिन्छ कतिसम्म-मा वा कसरी भगवानले धातुनानत्व हुन्छ भनी भन्नु भएको रहेछ?'



Downloaded from http://dhamma.digital

तेश्रोपटक पनि आयुष्मान् थेर भिक्षु चुपलागेरनै बसे ।

त्यस बेला त्यस सङ्घमा सबभन्दा कान्छा आयुष्मान ऋषिदत्त हुनुहुन्थ्यो । अनि आयुष्मान ऋषिदत्तले आयुष्मान थेर भिक्षुसँग सोधे- 'भन्ते थेर ! चित्र-गृहपतिको प्रश्नको उत्तर म दिउँ कि ?"

"आवुसो ! ऋषिदत्त, चित्र-गृहपतिको यस प्रश्नको उत्तर देऊ !"

'हे गृहपति ! धातुनानत्व, धातुनानत्व भनी भनिन्छ, 'कतिसम्ममा बा कसरी भगवानले धातुनानत्व हुन्छ' भनि भन्नुभएको रहेछ भन्ने कुरा तिमी सोध्दछौ होइन ?

"हो भन्ते !

"हे गृहपति ! भगवानले यसरी धातुनानत्व भन्नु भएको हो- चक्षुधातु, रूपधातु, चक्षुविज्ञानधातु, श्रोतधातु, शब्दधातु श्रोतविज्ञानधातु. घ्राणधातु, गन्धधातु. घ्राणविज्ञान धातु जिव्हाधातु. रसधातु. जिव्हाविज्ञानधातु. कायधातु, स्पर्शधातु, कायविज्ञानधातु तथा चित्तधातु धर्म (चित्तविषय) धातु, चित्तविज्ञान धातु । गृहपति ! यति सम्मलाई भगवानले 'धातुनानत्व धातुनानत्व भनी भन्नुभएको हो, होइनत?'

अनि चित्र-गृहपतिले आयुष्मान ऋषिदत्तको भाषणलाई अनुमोदनगरी थेर भिक्षुहरूलाइ प्रणीत खाद्य, भोज्य स्वयं आफ्नै हातले अर्पणगरी तृप्तगराए । त्यसपछि थेर भिक्षुहरू पात्रबाट हात हटाई भोजन सिध्याइसकेपछि आसनबाट उठी फर्केर गए ।


Downloaded from http://dhamma.digital

"यसबखत आयुष्मान थेर भिक्षुले आयुष्मान ऋषिदत्त लाई भने:- 'आवुसो, ऋषिदत्त ! धन्य !! जुन प्रश्नको उत्तर मैले दिनसकेको थिईंन, सो प्रश्नको उत्तर तिमीले दियौ। यसैगरी जहिले अरू पनि प्रश्नहरू आउलान "यसबेला तिमीलेनै उत्तर देऊ !"

## ३. शाश्वत लोक

एक समय कही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बसेका थिए।

चित्र-गृहपति जहाँ ती थेर भिक्षुहरू थिए त्यहाँ गई थेर भिक्षुहरूलाई अभिवादनगरी एक छेउमा बसे। अनि चित्र-गृहपतिले थेर भिक्षुहरूसँग निवेदन गरे:-

"भन्ते थेर ! भोलिको निम्ति मेरो भोजन स्वीकार गर्नु होस।"

थेर भिक्षुहरूले तूष्णिभावले स्वीकार गरे। थेर भिक्षुहरूले निम्तो स्वीकार गरेको बुझी आसनबाट उठी थेर भिक्षुहरूलाई अभिवादन र प्रदक्षिणागरी चित्र-गृहपति फर्केर गए। यो रात बितिसकेपछि थेर भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी पात्र चीवर ग्रहणगरी जहाँ चित्र-गृहपतिको निवासस्थान हो यहाँगई विच्छयाइराखेको आसनमा बसे।



Downloaded from http://dhamma.digital

चित्र-गृहपति थेर भिक्षुहरूका छेउमा गई अभिवादन गरी एक छेउमा बसे। त्यसपछि चित्र-गृहपतिले आयुष्मान थेर भिक्षुसँग यी कुरा सोधे:-

भन्ते थेर ! जो लोकमा अनेक प्रकारका दृष्टि (धारणा)हरू उत्पन्न हुन्छन् जस्तै:- (१) शाश्वतलोक हो, (२) अशाश्वतलोक हो, (३) अन्तवान लोक हो, (४) अनन्तवान लोक हो, (५) उही जीवहो उही शरीर हो, (६) अर्कै जीवहो अर्कै शरीर हो, (७) मरणपछि सत्व हुन्छ (८) मरणपछि सत्व हुँदैन (९) मरणपछि सत्व हुन्छ पनि हुन्न पनि र (१०) मरणपछि सत्व न हुन्न न हुन्छ' भनी अथवा जुन ६२ दृष्टि (धारणा)हरुबारे ब्रम्हजाल (सूत्र)मा भनिएको छ- यी दृष्टिहरू के भएमा हुन्छन् के नभएमा हुँदैनन होला ?"

उक्त कुरा सोध्दा आयुष्मान थेर भिक्षु चुपलागेर बसे।

दोश्रोपटक पनि तेश्रोपटक पनि चित्र-गृहपतिले सोधे-

'भन्ते थेर लोकमा अनेक प्रकारका दृष्टिहरू उत्पन्न हुन्छन् जस्तै- (१) शाश्वत लोक हो, . . र (१०) मरणपछि न सत्व हुन्न न हुन्छ' भनी अथवा जुन ६२ दृष्टिहरूबारे ब्रम्हजालमा भनिएको छ- यी दृष्टिहरू के भएमा हुन्छन के नभएमा हुँदैनन होला ?'

तेश्रो पटक पनि आयुष्मान थेर भिक्षु चुपलागेरनै बसे।



Downloaded from http://dhamma.digital

आयुष्मान ऋषिदत्त त्यसबेला त्यस भिक्षु सङ्घमा सबभन्दा कान्छा हुनुहुन्थ्यो । अनि आयुष्मान ऋषिदत्तले आयुष्मान थेर भिक्षुसंग सोध्नु भयो कि- "भन्ते थेर ! चित्र-गृहपतिको प्रश्नको उत्तर म दिउँ कि ?'

आवुसो ऋषिदत्त ! चित्र-गृहपतिको यस प्रश्नको उत्तर देऊ !"

'हे गृहपति ! तिमी यो सोध्दछौ होइन ?- 'भन्ते थेर ! जो लोकमा अनेक प्रकारका दृष्टिहरू उत्पन्न हुन्छन जस्तै-- शाश्वतलोक हो, . . . मरणपछि सब न हुन्न न हुन्छ भनी अथवा ६२ दृष्टिहरूबारे जुन ब्रम्हजालमा भनिएको छ- यी दृष्टिहरू के भएमा हुन्छन, के नभएमा हुँदैनन् होला ?"

'हो, भन्ते !"

"हे गृहपति ! जो यी अनेकप्रकारका दृष्टिहरू लोकमा उत्पन्न हुन्छन जस्तै-- शाश्वतलोक हो . . . भनी . . . यी दृष्टिहरू स्व-काय दृष्टि भएकोमा हुन्छन र स्वकायदृष्टि नभएकामा हुँदैनन् ।

'भन्ते ! कसरी स्वकाय दृष्टि हुन्छ नि ?

"हे गृहपति ! यहाँ अश्रुतवान पृथक्जन, आर्यहरू नदेख्ने, आर्यधर्म नजान्ने, आर्यधर्ममा अविनीत; सत्पुरुषहरू न देख्ने सत्पुरूषधर्म नजान्ने सत्यपुरूषधर्ममा अबिनीत पुरूषले-



Downloaded from http://dhamma.digital

'रूप' आत्म हो, 'रूपवान आत्म हो, आफुमा भएको रूप आत्म हो अथवा रूपमा आत्म छ भनी हेर्छ ।

'वेदना' आत्म हो, वेदनावान आत्म हो, आफुमा भएका वेदना आत्म हो अथवा वेदनामा आत्म छ भनीहेर्छ ।

'संज्ञा' आत्म हो, 'संज्ञावान' आत्म हो आफुमा भएको संज्ञा आत्मा हो अथवा संज्ञामा आत्म छ भनी हेर्छ ।

'संस्कार आत्म हो, 'संस्कारवान आत्म हो आफुमा भएको संस्कार आत्म हो अथवा संस्कारमा आत्म छ भनी हेर्छ ।

'विज्ञान आत्म हो 'बिज्ञानवान' आत्म हो आफुमा भएका 'विज्ञान' आत्म हो अथवा 'बिज्ञानमा' आत्म छ भनी हेर्छ । यसरी स्व-काय दृष्टि भएको हुन्छ ।

"भन्ते ! कसरी स्वकाय-दृष्टि नभएको हुन्छ नि ?"

"हे गृहपति ! यहाँ श्रुतवान, आर्यँश्राबक आर्यहरू देख्ने, आर्यधर्म जान्ने, आर्यधर्ममा सुविनीत, सत्पुरूषहरू देख्ने, सत्यपुरूषधर्म जान्ने सत्पुरूषधर्ममा सुविनीत पुरुषले-

'नरुप' आत्म हो 'नरुपवान' आत्म हो, 'न आफुमा भएको रुप' आत्म हो अथवा 'नरुपमा' आत्मछ भनी हेर्छ ।

'न वेदना आत्म हो, 'न वेदनाबान आत्म हो, 'न आफुमा भएको वेदना आत्म हो अथवा 'न वेदनामा' आत्म छ भनी हेर्छ ।

न संज्ञा' आत्म हो, न संज्ञावान' आत्म हो न



Downloaded from http://dhamma.digital

आफुमा भएको संज्ञा आत्म हो अथवा 'न संज्ञामा आत्म छ भनी हेर्छ ।

'न संस्कार' आत्म हो 'न संस्कारवान आत्म हो 'न आफुमा भएको संज्ञा आत्मा हो अथवा 'न संस्कारमा आत्म छ भनी हेर्छ ।

'न आफुमा भएको विज्ञान' आत्म हो न विज्ञानवान आत्म हो 'न आफुमा भएको विज्ञान' आत्म हो अथवा 'न बिज्ञानमा नै' आत्म छ भनी हेर्छ । यसरी स्वकाय-दृष्टि नभएको हुन्छ ।

"भन्ते ! आर्य ऋषिदत्त कहाँबाट पाल्नु भएको रहेछ?"

'हे गृहपति ! अवन्तीबाट आएको हुँ ।"

"भन्ते ! अवन्तीमा हामीले पहिले नभेटेका हाम्रा मित्र छन; उनी प्रवजित भए भन्ने सुन्दछौं, के तपाइले वहाँ लाई देख्नु भएको छ ?"

"हे गृहपति । देखेको छु ।"

"भन्ते त्यसो भए वहाँ आयुष्मान आजकल कहाँ वस्नु हुँदो रहेछ ?"

यो कुरा सुनी आयुष्मान ऋषिदत्त चुपलागेर बस्नुभयो ।

"भन्ते तपाइनै हुनुहुन्छ कि क्या हो ?"

"हो, गृहपति ।"

"भन्ते आर्य ऋषिदत्त ! मच्छिकासण्डमा मन लगाएर बस्नुहोस । अम्वाटक वनखण्ड रमणीय छ । म आर्य



Downloaded from http://dhamma.digital

ऋषिदत्तको निम्ति उत्साहपुर्बक चीवर भिक्षा भोजन शयनासन, गिलानप्रत्यय भैषज्र्य परिष्कारादिद्वारा उपस्थान गर्नेछु।"

"हे गृहपति! कल्याणनै भनेका छौं।"

अनि आयुष्मान ऋषिदत्तको भाषणलाई अभिनन्दन र अनुमोदन गरी चित्र-गृहपतिले थेर भिक्षुहरूलाई प्रणीत खाद्य भोज्य स्वयं आफ्नै हातले अर्पित गरी तृप्त गराए। पात्र हातबाट हटाई, भोजनोपरान्त थेर भिक्षुहरू आशनबाट उठी फर्केर गए। आयुष्मान थेर भिक्षुले आयुष्मान ऋषिदतलाई भने-

"साधु! आबसो ऋषिदत्त! जुन प्रश्नहरुका उत्तर मलाई थाहा थिएन, तिमीले ती प्रश्नहरूका उत्तरहरू दियौ। त्यसकारण फेरि पनि यस्ता प्रश्नहरू आएमा तिमीले नै त्यसको उत्तर देऊ।"

आयुष्मान ऋषिदत्त सयनाशनहरू पट्याई राखी पात्र-चीवर ग्रहण गरी मच्छिकासण्डबाट जानु भयो। त्यहाँबाट जानु भइसकेपछि आयुष्मान ऋषिदत्त पुनः मच्छिकासण्डमा कहिले पनि फर्कनु भएन।

## ४. प्रातिहार्य

एक समय केही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्वाटक बन खण्डमा बसेका थिए।



Downloaded from http://dhamma.digital

चित्र-गृहपति जहाँ थेर भिक्षुहरू थिए त्यहाँ गई थेर भिक्षुहरूलाई अभिवादन गरी एक छेउमा बसे। अनि चित्र-गृहपतिले थेर भिक्षुहरूलाई निवेदन गरे -भन्ते ! भोलिको निम्ति मेरो भोजन स्वीकार गर्नुहोस्। "थेर भिक्षुहरूले तूष्णिभावले स्वीकार गरे। थेर भिक्षुहरूले निम्तो स्वीकार गरेको बुझी आसनबाट उठी थेर भिक्षुहरूलाई अभिवादन र प्रदक्षिणा गरी चित्र-गृहपति फर्केर गए। त्यो रात वितिसके पछि थेर भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ चित्र-गृहपतिको निवासस्थान हो त्यहाँ गई विछ्याइराखेको आशनमा बसे।

अनि चित्र-गृहपतिले थेर भिक्षुहरूलाई प्रणीत घ्यू र पायश आफ्नै हातले सन्तर्पित गरी तृप्त गराए। पात्रबाट हात हटाई भोजनोपरान्त थेर भिक्षुहरू आसनबाट उठी फर्केर गए। "बाँकी रहेकालाई खान देऊ !" भनी आफु पनि थेर भिक्षुहरूका पछि पछि लागे। त्यस बखत खूब गर्मी चढेका थिए र जमिनका बालुवा खूब पोल्दथ्यो। ती थेर भिक्षुहरू भोजन लागेझैं गर्मीले गर्दा ढलमलाउँदै हिडिरहेका थिए।

त्यस समय त्यस भिक्षु संघमा आयुष्मान महक सब भन्दा कान्छो हुनुहुन्थ्यो। आयुष्मान महकले आयुष्मान थेर भिक्षुहरूसंग सोध्नु भयो:-

"भन्ते थेर ! शीतल हावा लागे बेश हुन्थ्यो वा आका-



Downloaded from http://dhamma.digital

शमा बादल छाइदिए बेश हुन्थ्यो अथवा केही वृष्टि भई दिए बेश हुन्थ्यो कि ?"

"साधु ! आबुसो महक ! राम्रै हुन्थ्यो होला यदि शीतल हावा आइदिए, आकाशमा बादल छाइदिए अथवा केही केही बृष्टि पनि भइ दिए !"

अनि आयुष्मान महकले त्यस्तो ऋद्धि-संस्कार गर्नु भयो कि जसको प्रभाबले शीतल हावा आकाशमा बादल तथा केही केही बृष्टि पनि भयो । त्यस बखत चित्र-गृहपतिको मनमा यस्तो लाग्यो:- "अहो जो सबभन्दा यस भिक्षु संघमा कान्छो हुनुहुन्छ, वहाँको यस्तो ऋद्धि-प्रभाव !"

आराममा पुगिसकेपछि आयुष्मान महकले थेर भिक्षु-हरूसंग निवेदन गर्नुभया- "भन्ते यतिकैले पुग्यो ?"

"आबुसो महक ! यत्तिकैले पुग्यो यत्तिकैले खूब गऱ्यौ, यत्तिकेले नै पुजा सत्कार पनि भयो !" भन्दै थेर भिक्षुहरू आ-आफ्ना विहार (घर) मा गए । आयुष्मान महक पनि आफ्नो विहारमा जानु भयो ।

त्यस बखत चित्र-गृहपति जहाँ आयुष्मान महक हुनु हुन्थ्यो त्यहाँ गई आयुष्मान महकलाई अभिवादन गरी एक छेउमा बसे । अनि चित्र-गृहपतिले आयुष्मान महकसंग प्रार्थना गरे-

'भन्ते ! आर्य महकले केही उत्तरीय-मनुष्यधर्म ऋद्धि प्रातिहार्य देखाउनु भए बेश हुने थियो ।"



Downloaded from http://dhamma.digital

"हे गृहपति ! त्यसो भए आँगनमा चीवर विच्छयाइ त्यसमा तृणकाष्ठहरू राख !"

"हवस्" भनी चित्र–गृहपतिले आयुष्मान महकले भन्नु भए जस्तै आँगनमा एक चीवर बिच्छयाइ त्यसमा तृणकाष्ठ-हरू राखे ।

आयुष्मान महक कोठाभित्र पसी चुकुल लगाई त्यस्तो ऋद्धि अभिसंस्कार गर्नु भयो जसको प्रभावले तालाको प्वाल-बाट र चुकुलको बीचबाट अँचि निस्की तृणादि जम्मै जलाई दियो तर उत्तरासङ्गमा भने आगो लागेन । चित्र–गृहपति उत्तरासङ्ग टकटक्याई संवेग भइ जिरिङ्ग भई एक छेउमा उभिइ रहे । आयुष्मान महक कोठाबाट बाहिर निस्कि चित्र-गृहपतिसंग सोध्नु भयोः– "हे गृहपति ! पुग्यो त ?"

भन्ते महक ! पुग्यो खूब गर्नुभयो ! पूजित पनि भए । भन्ते ! आर्य महक मच्छिकासण्डमा मन लगाई बस्नुहोस् । अम्बाटक वनखण्ड रमणीय छ । आर्य महकको निम्ति म चीवर भिक्षा–भोजन, शयनासन र गिलानप्रत्यय भैषज्यादि परिष्कारद्वारा उपस्थान गर्नेछु ।"

"हे गृहपति । कल्याण नै भन्यो ।"

त्यस पछि आयुष्मान महक शयनासन पटचाई राखी, पात्र चीवर ग्रहण गरी मच्छिकासण्डबाट निस्केर जानुभयो । मच्छिकासण्डबाट गइसकेपछि आयुष्मान महक पुनः मच्छि-कासण्डमा कहिले पनि फर्कनु भएन ।



Downloaded from http://dhamma.digital

## ५. निर्वाण–रथ

एक समय आयुष्मान कामभू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बस्नु भएको थियो।

चित्र–गृहपति जहाँ आयुष्मान कामभू हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान कामभूलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका चित्र–गृहपतिलाई आयुष्मान कामभूले भन्नु भयो–

"हे गृहपति ! भगवानले निम्न गाथा भन्नु भएको छ–

**नेलङ्गो सेतपच्छादो एकारो वतती रथो।**
**अनीधं परस आयन्तं छिन्नसोतं अबन्धन ति॥**

अर्थ

शील–शुद्धिले निर्दोष भएका विमुक्ति रूपी सेतो भीत भएका स्मृतिरूपी एकै धुर भएको रथमा गएका रागादि बन्धन मुक्त भएका, तृष्णारूपी स्रोतलाई पार गरेका अरहन्त आइरहेको हेर !

"हे गृहपति ! भगवानले संक्षिप्तरूपले भन्नु भएको यस गाथाको सविस्तार अर्थ कसरी बुझ्ने ?"

"भन्ते ! के यो गाथा (श्लोक) भगवानले भन्नु भएको हो ?"

"हो, गृहपति !"

"भन्ते ! त्यसो भए एकछिन पर्खनुहोस् ! त्यसको अर्थ विचार गर्नेछु।"



Downloaded from http://dhamma.digital

"चित्र–गृहपति एकछिन चुप लागेर बसे। अनि त्यस पछि उनले आयुष्मान कामभूलाई निवेदन गरे–

"भन्ते ! 'नेलङ्ग – निर्दोष भनेको नै शील हो सेतच्छादो=सेतो भीत' भनेको नै बिमुक्ति हो। 'एकारो=एकै धुर' भनेको नै स्मृति हो। 'वत्तति=गए' भनेको नै अगाडि पछाडि जान हो। 'रथ' भनेको यही चातुर्महाभौतिक, आमा बाबुको कारणले भएको शरीर नै ··· हो। राग, द्वेष र मोहलाई नीघ भनिन्छ अर्थात दुःखलाई 'नीघ' भनिन्छ। ती राग द्वेष र मोह क्षीणास्रव भिक्षुहरूमा हुँदैनन्– निर्मूल गरी जरो समेत उखेलिइ सकेको हुन्छ, तालवृक्ष छेदन भएको जस्तै हुन्छ, पुनः सम्भावना नहुने गरो फेरी (जन्म) हुने हेतु भएको हुँदैन। त्यसैले क्षीणास्रव भिक्षुलाई 'अनीघो=दुःख रहित भएका' भनिन्छ। 'आयन्त=आइरहेका' भनेको आइरहेका अरहन्तलाई भनेको हो। 'सोतो=स्रोत' भनेको तृष्णा हो। ती तृष्णाहरू क्षीणास्रव भिक्षुहरूमा हुँदैनन– निर्मूलगरी जरो समेत उखेलिइ सकेको हुन्छ......। त्यसैले क्षीणास्रव भिक्षुलाई छिन्नसोतो=स्रोतबाट उत्तीर्ण भएको' भनिन्छ। राग द्वेष र मोह बन्धन हो। ती रागादि बन्धन क्षीणास्रव भिक्षुमा हुँदैनन, निर्मूल गरी जरो समेत उखेलि इसकेको हुन्छ ···। त्यसैले क्षीणास्रव अबन्धनो = बन्धन मुक्त भएको भनिन्छ।

"भन्ते ! जुन गाथा भगबान्ले नेलङ्गो सेतपच्छादो ·· ···' इत्यादि भनी संक्षिप्तरूपमा भन्नु भएको हो त्यसको



Downloaded from http://dhamma.digital

सविस्तार अर्थ यस्तै प्रकारले म जान्दछु ।"

"गृहपति ! तिम्रो निम्ति यो लाभ हो, सुलाभ हो, । यस्तो गम्भीर बुद्धवचनमा पनि तिमीमा प्रज्ञाचक्षु प्राप्त छ ! !"

## ६. निरोध-समापत्ति

एक समय आयुष्मान कामभू मच्छिकासाण्ड नगरको अम्बाटक वनखण्डमा बस्नु भएको थियो ।

चित्र-गृहपति जहाँ आयुष्मान कामभू हुनु हुन्थ्यो त्यहाँ गई एक छेउमा बसे । अनि उनले आयुष्मान कामभूसंग प्रश्नहरू सोध्न थाले:-

(१) "भन्ते ! कति संस्कारहरू छन !"

'हे गृहपति ! तीन संस्कारहरू छन काय-संस्कार, वची-संस्कार, तथा चित्त-संस्कार ।"

"साधु ! भन्ते !" भनी चित्र-गृहपतिले आयुष्मान कामभूको भाषणलाई अभिनन्दन र अनुमोदन गरी आयुष्मान कामभूसंग पूनः अर्को प्रश्न सोधे:-

(२) भन्ते कुन चाहिं काय-संस्कार कुन चाहिं वची-संस्कार तथा कुन चाहि चित्त-संस्कार हो नि ?"

"हे गृहपति ! आश्वास-प्रश्वास काय-संस्कार हो, वितर्क विचार वची-संस्कार हो तथा संज्ञा र वेदना चित्त-संस्कार हो ।"



Downloaded from http://dhamma.digital

"साधु ! भन्ते" भनी चित्र–गृहपतिले फेरि अर्को प्रश्न सोधे:–

(३) भन्ते ! किन आश्वास प्रश्वास काय–संस्कार, किन वितर्क–विचार वची–संस्कार तथा किन संज्ञा र वेदना चित्त–संस्कार नि ?"

'हे गृहपति ! आश्वास–प्रश्वास भनेको कायिक हो। यी आश्वास–प्रश्वास काय प्रतिबद्ध हुन, त्यसैले आश्वास–प्रश्वास काय–संस्कार हुन। हे गृहपति ! पहिले वितर्क र विचारगरी पछि मात्र वचनपथमा आउँछ अर्थात वचन प्रकट हुन्छ, त्यसैले वितर्क र विचार वची–संस्कार हुन। सञ्ज्ञा र वेदना चैतसिक हुन अर्थात चित्तमा हुने अङ्ग हुन अथवा चित्तको अभिन्न अङ्ग हुन अत: यी संज्ञा र वेदना चित्त प्रतिबद्ध हुन त्यसैले संज्ञा र वेदना चित्त–संस्कार हुन।'

"साधु ! भन्ते !" भनी चित्र–गृहपतिले फेरि अर्को प्रश्न सोधे:–

(४) 'भन्ते ! कसरी संज्ञावेदयित–निरोध–समापति हुन्छ नि ?"

"हे गृहपति ! संज्ञावेदयित–निरोध–समापतिमा वस्ने भिक्षुको मनमा यस्तो हुन्न– म संज्ञावेदयित–निरोध–समापत्तिमा बस्नेछु 'म संज्ञावेदयित – निरोध – समापत्तिमा बस्दैछु' अथवा म संज्ञावेदयित–निरोध–समापत्तिमा तल्लीन छु, किन्तु उसले आफ्नो चित्तलाई पहिले नै त्यस किसिमले समाधिष्ठ पारिसकेको हुन्छ कि जुन किसिमले समाधिष्ठ



Downloaded from http://dhamma.digital

हुँदा त्यस समापत्तिमा स्वतः चित्त पुग्न सक्छ।"

"साधु ! भन्ते !" भनी फेरि अर्को प्रश्न सोधेः–

(५) 'संज्ञावेदयित–निरोध–समापत्तिमा पुग्ने भिक्षुको काय–संस्कार, वची–संस्कार तथा चित्त–संस्कारहरू मध्ये कुन चाहिं संस्कार पहिले निरोध हुन्छ नि"

"हे गृहपति ! संज्ञावेदयित – निरोध – समापत्तिमा पुग्ने भिक्षुको वची–संस्कार पहिले निरोध हुन्छ त्यसपछि काय–संस्कार अनि चित्त–संस्कार निरोध हुन्छ।"

फेरि पनि चित्र–गृहपतिले अर्को प्रश्न सोधेः--

(६) "भन्ते ! जो यहाँ निर्जीव भई मृत्यु भएको हुन्छ, जो भिक्षु यहाँ संज्ञावेदयित–निरोध–समापत्तिमा पुगेको हुन्छ– यिनीहरूका बीच के भिन्नता छ नि ?"

'हे गृहपति ! जो यहाँ निर्जीव भई मृत्यु भएको हुन्छ, उसको काय - संस्कार, वची - संस्कार तथा चित्त - संस्कार निरोध भई प्रतिप्रशब्धि भएको हुन्छ, आयु परिक्षीन भएको उष्मधातु पनि रहेको हुँदैन तथा इन्द्रियहरू पनि विछिन्न भइसकेका हुन्छन् अर्थात इन्द्रियहरू निकम्मा हुन्छन् तर जो भिक्षु यहाँ संज्ञावेदयित - निरोध - समापत्तिमा पुगेको हुन्छ, उसको काय - संस्कार, वची - संस्कार तथा चित्त - संस्कार निरोध भई प्रतिप्रशब्धि चाहिं हुन्छ किन्तु आयु परिक्षीण भएको हुँदैन, उष्मधातु रहेकै हुन्छ र इन्द्रियहरू पनि निर्मूल नै भएका हुन्छन्।

"हे गृहपति ! जो यहाँ निर्जीव भई मृत्यु भएको हुन्छ



Downloaded from http://dhamma.digital

र जो भिक्षु यहाँ संज्ञावेदयित-निरोध-समापत्तिमा पुगेको हुन्छ– यिनीहरूका बीचमा यही नै भिन्नता छ।"

"साधु ! भन्ते !" भनी चित्र गृहपतिले फेरि अर्को प्रश्न सोधे:–

(७) "भन्ते ! कसरी संज्ञावेदयित-निरोध-समापत्ति-बाट उठिन्छ त ?"

"हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठ्ने भिक्षुको मनमा यस्तो हुन्न कि– 'म संज्ञावेदयिक-निरोध-समापत्तिबाट उठनेछु' 'म संज्ञावेदयित-निरोध-समापत्तिबाट उठ्छु' अथवा 'म संज्ञावेदयित-निरोध-समापत्तिबाट उठिसके, किन्तु उसले आफ्नो चित्तलाई पहिले नै त्यस किसिमले अभ्यस्त पारिसकेको हुन्छ कि जसबाट उसको चित्त स्वतः त्यस स्थितिमा पुगिसकेको हुन्छ।"

"साधु ! भन्ते !" भनी फेरि अर्को प्रश्न सोधे–

(८) 'भन्ते ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठने भिक्षुको काय-संस्कार, वची-संस्कार तथा चित्त-संस्कारहरू मध्ये कुन चाहिं संस्कार पहिले उत्पन्न हुन्छ नि ?"

"हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठने भिक्षुको सर्वप्रथम चित्त-संस्कार उत्पन्न हुन्छ, त्यसपछि काय-संस्कार अनि वची-संस्कार।"

"साधु ! भन्ते" भनी फेरि अर्को प्रश्न सोधे:-

(९) "भन्ते ! संज्ञावेदयित - निरोध - समापत्तिबाट उठेको भिक्षुलाई कति स्पर्श अनुभव हुन्छ नि ?"



Downloaded from http://dhamma.digital

'हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिवाट उठेको भिक्षुलाई तीन स्पर्शहरूले स्पर्शित गरेका हुन्छन्- (१) शून्यताको स्पर्श, (२) अ-निर्मित्ताको स्पर्श र (३) अ-प्रणिहितताको स्पर्श ।''

"साधु ! भन्ते'' भनी फेरि पनि अर्को प्रश्न सोधे--

(१०) "भन्ते ! संज्ञावेदयित - निरोध – समापत्तिबाट उठिसकेको भिक्षुको चित्तधार कतातिर लागेको हुन्छ अथवा बगेको हुन्छ नि ?"

'हे गृहपति ! संज्ञावेदयित-निरोध-समापर्त्ति बाट उठि सकेको भिक्षुको चित्तधारा निर्वाणतिर लागेको हुन्छ र निर्वाणतिरै बगेको हुन्छ ।"

साधु ! भन्ते !" भनी आयुष्मान कामभूको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी फेरि पनि चित्र-गृहपतिले अर्को प्रश्न सोधे--

(११) "भन्ते ? संज्ञावेदयित - निरोध - समापत्तिलाई कति धर्म (कुरा) हरू बहुपकारी हुन्छन् त ?"

"हे गृहपति ! पहिले नै सोध्नु पर्ने कुरो पछि सोध्यौ तैपनि म तिमीलाई उतर दिनेछु । संज्ञावेदयित-निरोध-समापत्ति प्राप्तिको लागि समथ र विपश्यना[1] भन्ने यी दुई

---

१. ध्यानको पूर्व भागलाई समथ र अन्तिम भागलाई विपश्यना अथवा नीवरणलाई हटाउने प्रयाश गरी गरिने ध्यानलाई समथ र अनित्यादिलाई प्रमुख लक्ष मरी गरिने भावनालाई विपश्यना भन्दछन् ।



Downloaded from http://dhamma.digital

ध्यानहरू बहुपकारी हुन्छन् ।"

## ७. अनिमित–चित्त

एक समय आयुष्मान गोदत्त मच्छिकासण्ड नगर अम्बाटक वनखण्डमा बस्नु भएको थियो ।

एक दिन चित्र-गृहपति जहाँ आयुष्मान गोदत्त हुनु हुन्थ्यो त्यहाँ गई आयुष्मान गोत्तदलाई अभिबादन गरी एक छेउमा बसे । एक छेउमा बसेका चित्र-गृहपतिसंग आयुष्मान गोदत्तले सोधे--

"हे गृहपति ! जुन यो-- (क) अप्रमाण-चित्त विमुक्ति हो, (ख) आकिञ्चन्यायतन-चित्त विमुक्ति हो, (ग) शून्यता-चित्त विमुक्ति हो तथा (ग) अनिमित-चित्त विमुक्ति हो--यिनीहरू नानार्थ र नानाव्यञ्जन हुन कि एकार्थ र व्यञ्जन मात्र नाना हुन ?"

"भन्ते ! यहाँ त्यस्ता पर्याय पनि छन कि जुन पर्यायमा आउँदा यो विषयहरू नानार्थ र नानाव्यञ्जन पनि हुन्छन फेरि जुन पर्यायमा पुग्दा एकार्थ र व्यञ्जन मात्र नाना पनि हुन्छन् । कुन पर्यायमा पुग्दा नानार्थ र नानाव्यञ्जन हुन्छन् ?

(क) "यहाँ भिक्षु मैत्री सहगत–चित्त एकदिशामा फैलाई बस्छ, तथा द्वितीय दिशा, तृतीय दिशा, चतुर्थ दिशामा मैत्री चित फैलाई बस्छ । यस्तै गरी उर्ध, अधो, तीर्य, सबै ठाउँमा सबै प्रकारले, सबै लोकमा मैत्री-चित्त, अवैर–चित्त, अद्वेष-चित्त, विपुल-चित्त, महान-चित्त र अप्रमाण-चित्त फैलाइ बस्छ । यस्तैगरी करूणा-चित, ... मुदिता-चित, . ..



Downloaded from http://dhamma.digital

र उपक्षा-सहगत-चित्त एक दिशामा फैलाई बस्छ तथा द्वितीय दिशा . . चतुर्थ दिशामा उपेक्षा चित्त फैलाई बस्छ । यस्तै उर्ध, अधो, . . . सबै लोकमा उपेक्षा–चित्त . . . र अप्रमाण -चित फैलाई बस्छ यसैलाई अप्रमाण-चित्त-विमुक्ति भनिन्छ।

(ख) "भन्ते ! यहाँ कुनचाहिं आकिञ्चन्यायतन-चित्त-विमुक्ति हो भने -- यहाँ भिक्षु सबै प्रकारले विज्ञानन्त्या-यतन अतिक्रम गरी, केही छैन' भनी आकिञ्चन्यायतनमा समाधिष्ठ भई बस्छ। यसैलाई 'आकिञ्चन्यायतन-चित्त-विमुक्ति हो।

(ग) "भन्ते ! यहाँ कुनचाहिं शून्यता-चित्त-विमुक्ति हो भने - यहाँ भिक्षु अरण्यमा वृक्षमूलमा अथवा शुन्या-गारमा बसी यस्तो विचार गर्छ-- आत्मले अथवा आत्मत्वले शून्य छु। यसैलाई 'शून्यता-चित्त-विमुक्ति' भनिन्छ।

(घ) "भन्ते ! यहाँ कुनचाहिं अनिमित्त-चित-विमुक्ति हो भने - यहाँ भिक्षु कुनै पनि निमित्तलाई मनमा लिई नबसी 'अनिमित-चित्त-समाधिमा' समाधिष्ठ भई बस्छ। यसैलाई नै अनिमित-चित्त-विमुक्ति भनिन्छ।

"भन्ते यही पर्यायमा पुग्दा उपरोक्त विषयहरू नानार्थ र नाना व्यञ्जन हुन्छन्।

"भन्ते ! त्यो कुन पर्याय हो त जुन पर्यायमा आउँदा यी विषयहरू एकार्थ र नानाव्यञ्जन हुन्छन ?-

१– "भन्ते रागचित्त प्रमाणकारी हो, द्वेषचित्त प्रमाण–कारी हो, र मोहच्चित्त पनि प्रमाणकारी हो। ती क्षीणास्रव



Downloaded from http://dhamma.digital

भिक्षुमा प्रहीण भएका हुन्छन् । जरो उखेलिई सकेको, छेदन गरिएको तालवृक्ष झैं असम्भाव्य भइ पुनः उत्पन्न हुन नसक्ने हुन्छन् । जतिसम्म अप्रमाण चित्त विमुक्तिहरू छन् यसमध्ये अकोप्य-चित-विमुक्ति (अपरिवर्त्यरूपले चित विमुक्ति भैसकेको) अर्थात निर्वाणचित अग्र देखिन्छ । त्यो अकोप्य (अपरिवर्त्य) चित विमुक्ति रागबाट पनि शून्य छ, द्वेषबाट पनि शून्य छ र मोहबाट पनि शून्य छ ।

२- "भन्ते ! रागचित प्रपञ्चकारी हो, द्वेष चित प्रपञ्चकारी हो र मोहचित्त पनि प्रपञ्चकारी हो। ती क्षीणास्रव भिक्षुमा प्रहीण भएका हुन्छन् । जरो उखेलिई सकेको छेदन गरेको तालवृक्ष झै असम्भाव्य भई पुनः उत्पन्न हुन नसक्ने हुन्छन । जतिसम्त आकिञ्चन्यायतन-चित्त-विमुक्ति हरू छन् यसमध्ये अकोप्य-चित्त-विमुक्ति अर्थात निर्वाण-चित्त अग्र देखिन्छ । त्यो अकोप्य-चित्त विमुक्ति रागबाट शून्य छ, द्वेषबाट शून्य छ र मोहबाट पनि शून्य छ ।

३- "भन्ते ! रागचित्त निमित्तकारी, द्वेषचित निमित्तकारी र मोहचित्त पनि निमित्तकारी हो । ती क्षीणास्रव भिक्षुमा प्रहीण भएका हुन्छन् । जरो उखेलिइसकेको, छेदन गरेको तालवृक्ष झै असम्भाव्य भई पुनः उत्पन्न हुन नसक्ने हुन्छन् । जतिसम्म अनिमित्त-चित्त-विमुक्तिहरू छन् यस मध्ये अकोप्य-चित्त-विमुक्तिहरू अर्थात निर्वाण-चित्त अग्र देखिन्छ । त्यो अकोप्य-चित्त-विमुक्ति रागबाट पनि शून्य छ, द्वेषबाट पनि शून्य छ र मोहबाट पनि शून्य छ ।



Downloaded from http://dhamma.digital

"भन्ते ! यही पर्याय हो जुन पर्यायमा पुग्दा यी विषय-हरू एकार्थ र व्यञ्जनमात्र नाना हुन्छन् ।"

"हे गृहपति ! तिम्रो निम्ति यो लाभ हो । यो सुलाभ हो !! जसलाई यस्तो गम्भीर बुद्धबचनमा सनेत प्रज्ञाचक्षु प्राप्त छ ।"

## ८. आयुष्मान सुधर्म

त्यस बखत आयुष्मान सुधर्म मच्छिकासण्डमा चित्र-गृह-पतिको विहारमा आवासिक नवकर्मिक र ध्रुव भोजन गर्ने भई बसेका थिए ।

त्यस बखत चित्र-गृहपतिले जब कुनै संघलाई गण-लाई वा व्यक्तिलाई निम्तो गर्न चाहन्थे तब आयुष्मान सुधर्मसंग नसोधी कसैलाई पनि निम्तो गर्दैनथे ।

त्यस समय केही थेर भिक्षुहरू जस्तै- आयुष्मान सारिपुत्र, आयुष्मान महामौद्गल्यायन, आयुष्मान महा-कात्यायन, आयुष्मान महाकोट्ठिक, आयुष्मान महाकप्पिन, आयु-ष्मान महाचुन्द, आयुष्मान अनिरूद्ध, आयुष्मान रेवत, आयुष्मान उपाली, आयुष्मान आनन्द तथा आयुष्मान राहुल-काशीबाट चारिका गर्दै जहाँ मच्छिकासण्ड नगर हो त्यहाँ आइपुगे ।

थेर भिक्षुहरू मच्छिकासण्ड नगरमा आइ पुगे भन्ने खबर सुनी चित्र-गृहपति जहाँ थेर भिक्षुहरू हुनुहुन्थ्यो त्यहाँ गए ।



Downloaded from http://dhamma.digital

त्यहाँ पुगे पछि थेर भिक्षुहरूलाई अभिभादन गरी एक छेउमा बसे। अनि उनलाई आयुष्मान सारिपुत्रले धर्मकथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित गराई धर्मकथा ग्रहण गराउनु भयो।

आयुष्मान सारिपुत्रले धर्मकथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेवित तथा सम्प्रहर्जित गराई धर्मकथा ग्रहण गराई सकेपछि चित्र–गृहपतिले थेर भिक्षुहरूसंग प्रार्थना गरे– "भन्ते भोलिको निम्ति थेर भिक्षुहरूले म कहाँ आगन्तुक भोजन स्वीकार गर्नु होस्।" थेर भिक्षुहरूले तृष्णिभावले निम्तो स्वीकार गर्नु भयो।

थेर भिक्षुहरूले निम्तो स्वीकार गर्नु भएको बुझी चित्र–गृहपति, थेर भिक्षुहरूलाई अभिवादन र प्रदक्षिणा गरी जहाँ आयुष्मान सुधर्म हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान सुधर्मलाई अभिवादन गरी एक छेउमा बसे। अनि चित्र-गृहपतिले आयुष्मान सुधर्मसंग प्रार्थना गरे– "भन्ते! भोलिको निम्ति थेर भिक्षुहरूका साथ भोजन स्वीकार गर्नुहोस्।"

आयुष्मान सुधर्मले 'अघि अघि यी चित्र–गृहपतिले कुनै संघ, गण तथा व्यक्तिलाई निम्तो गर्दा मसंग नसोधिकन निम्तो गर्दैनथे, अहिले यो गृहपतिले मसंग नसोधिकन निम्तो गरे। अब यो चित्र–गृहपतिको चित्त बिग्रियो, यसले मलाई त्याग गरे" भनी मनमा सोची– "भई हाल्यो गृहपति" भन्दै निम्तो अस्वीकार गर्नुभयो। दोस्रो पटक पनि तेस्रो पटक पनि चित्र–गृहपतिले त्यस्तै प्रार्थना गरे। आयुष्मान सुधर्मले पनि



Downloaded from http://dhamma.digital

"भइहाल्या गृहपति ?" भन्दै निम्तो अस्वीकार नै गर्नुभयो। अनि चित्र-गृहपति, "के गरौं त यदि आयुष्मान सुधर्मले अस्वीकार गरेमा। भनी आयुष्मान सुधर्मलाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए।

त्यस रात बितिसकेपछि चित्र-गृहपतिले प्रणीत खाद्य भोज्य प्रतिपादन गर्न लगाए। त्यस बखतमा आयुष्मान सुधर्म, चित्र-गृहपतिको घरमा गई थेर भिक्षुहरूका लागि प्रतिपादित गरिने भोजन कस्तो रहेछ हेर्नु पऱ्यो" भन्ने विचारले पूर्वाण्ह-समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ चित्र-गृहपतिको घर हो त्यहाँ गई बिच्छ्याइ राखेको आसनमा बस्नु भयो। चित्र-गृहपति पनि आयुष्मान सुधर्मको छेउमा गई आयुष्मान सुधर्मलाई अभिवादन गरी एक छेउमा बसे। अनि एक छेउमा बसेका चित्र-गृहपतिलाई आयुष्मान सुधर्मले यसो भन्नुभयो:-

हे गृहपति ! प्रतिपादित खाद्य भोज्यहरू प्रसस्तमात्रामा रहेछन्, तर यहाँ एक चीज पुग्दैन, त्यो हो तिलको लड्डु।"

"भन्ते ! बुद्ध बचनमा अनेक रत्नहरूका कुराहरू छँदा छँदै आयुष्मान सुधर्म तिलको लड्डुबारे कुरा गर्नु हुन्छ। भन्ते ! अघि एक दिन दक्षिणपथका वाणिज्यहरू पूर्वी जनपदतिर व्यापारका लागि गएका थिए। उनीहरूले त्यहाँबाट कुखुराहरू ल्याए। ती कुखुराहरूले कौंवासंग संवास गरी बच्चा पाए। जब ती कुखुराका बच्चाहरूले कौवा जस्तै गरी कराउन खोज्दथे तब कौवा-कुखुराको आवाज गरी



Downloaded from http://dhamma.digital

कराउँथे। जब ती बच्चाहरूले कुखुरा जस्तै कराउन खोज्दथे तब कुखुरा–कौवाको आवाज गरी कराउँथे । त्यसै गरी आर्य सुधर्मले पनि अनेक बुद्ध वचनमा रत्नका कुराहरू छँदाछँदै तिलको लड्डुको बारे कुरा निकाल्नु भयो ।"

यो कुरा सुनी "तिमीले मलाई गालि गर्छौं निन्दा गर्छौं, यो तिम्रो विहार हो तिमी आफै हेर म जाँदैछु" भनी आयुष्मान सुधर्मले भन्नुभयो ।

"भन्ते ! न म आर्य सुधर्मलाई गालि गर्छु न निन्दा नै भन्ते ! आर्य सुधर्म मच्छिकासण्डमा बस्नुहोस्, अम्बाटक वनखण्ड रमणीय छ । म आर्य सुधर्मलाई चीवर, भिक्षा-भोजन, शयनासन र गिलानप्रत्यय भैषज्र्य परिष्कारद्वारा सेवा गर्नेछु भनी चित्र–गृहपतिले प्रार्थना गरे ।

दोश्रो पटक पनि तेस्रो पटक पनि आयुष्मान सुधर्मले चित्र–गृहपतिलाई– "तिमीले मलाई गालि गर्छौं, निन्दा गर्छौं, यो तिम्रो विहार हो, तिमी आफै हेर, म जाँदैछु" भनी भन्नुभयो ।

"भन्ते ! आर्य सुधर्म कहाँ जानु हुन्छ नि ?"

"हे गृहपति ! म श्रावस्तीमा भगवान्को दर्शन गर्न जानेछु ।"

"भन्ते ! त्यसो भए जुन कुरा तपाईले भन्नुभयो र जुन कुरा मैले भने ती जम्मै कुराहरू भगवानलाई सुनाउनु होस् । यसमा कुनै आश्चर्य हुने छैन कि पुनः आर्यपुत्र सुधर्म मच्छिकासण्डमा पाल्नु हुनेछ ।"



Downloaded from http://dhamma.digital

त्यसपछि आयुष्मान सुधर्म शयनासनहरू पटचाई, सच्याई राखो, पात्र–चीवर ग्रहण गरी श्रावस्तीतिर जानु भयो। क्रमशः श्रावस्ती स्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा पुगि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गई भगवान-लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बसिसकेपछि आयुष्मान सुधर्मले जुन कुरा आफुले भनेको थियो र जुन कुरा चित्र–गृहपतिले भनेका थिए ती जम्मै कुराहरू भगवानमा बिन्ति गरे।

आयुष्मान सुधर्मको कुरा सुनिसकेपछि भगवानले उन-लाई यसरी गर्हा गर्नु भयो– "हे मोघपुरूष ! तिमीले अयुक्त' अननुलोमिक, अप्रतिरूप, अ–श्रमणिक, अनचित तथा अकरणीय काम गऱ्यौ। हे मोघपुरूष ! कसरी तिमी श्रद्धालु प्रशन्न, दायक, कारक, संघसेवक चित्र–गृहपतिलाह यस्तो तुच्छ कुरामा निन्दा गर्छौ !! हे मोघपुरूष ! यो तिम्रो क्रियाले न अप्रशन्न भएकालाई प्रशन्न पार्न सक्छ, न प्रसन्न भएकालाई बढी प्रशन्न पार्न सक्छ, बल्कि यो तिम्रो क्रियाले अप्रशन्न भएकालाई झन अप्रशन्न पार्ने र प्रशन्न भएका कुनै कुनैका प्रशन्नतालाई आघात पार्ने जस्तै हुन जान्छ।"

अनि भगबान बुद्धले ती भिक्षुलाई अनेक प्रकारले निन्दा गरी गर्हा गरी– दुर्भरताको, दुःपोश्यताको, महेच्छाताको असन्तुश्टिताको सङ्गणिकताको र आलश्यताको निन्दा गरी –अनेक प्रकारले सुभरताको सुपोश्यताको, अल्पेच्छताको, सन्तुश्टिताको, शीलवानताको लगनताको प्रासादिकताको,



Downloaded from http://dhamma.digital

गौरवताको र वीर्यवानताको वर्णना गरी– तदनुरूप, तदनुकूल धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो:–

हे भिक्षुहरू ! त्यसो भए सुधर्म भिक्षुलाई संघद्वारा 'चित्र–गृहपतिसंग तिमीले क्षमा माग्नु पर्छ भनी प्रतिसारणीय–कर्म गर्नुपर्छ । यो कार्य यसरी गर्नुपर्छ:–

"सर्वप्रथम सुधर्म भिक्षुमाथि दोष लगाउनु पर्छ, अनि उनको ध्यान आकर्षण गर्नुपर्छ ध्यानाकर्षण गराइसकेपछि दोषबारे विनयानुकूल (संघको विधान बमोजिम) आपत्ति (धारा) लगाउनु पर्छ आपत्ति लगाइसकेपछि । व्यक्त तथा सबल भिक्षुले संघलाई ज्ञापन गर्नुपर्छ ।

(क) "भन्ते संघ ! मेरो कुरा सुन्नुहोस् । यी सुधर्म भिक्षुले श्रद्धालु, प्रशन्न, दायक, कारक, संघसेवक चित्र–गृहपतिलाई तुच्छ कुरामा आक्षेप गरे, निन्दा गरे । सुधर्म भिक्षुले चित्र–गृहपतिसंग क्षमा माग्नुपर्छ' भन्ने कुरामा संघलाई सहमत छ भने संघले प्रतिसारणीयकर्म गरोस् । यो ज्ञापन हो ।

(ख) "भन्ते संघ ! मेरो कुरा सुन्नुहोस् । यी सुधर्म भिक्षुले श्रद्धालु······ संघ सेवक चित्र–गृहपतिलाई तुच्छ कुरामा आक्षेप गरे, निन्दा गरे । सुधर्म भिक्षुले चित्र–गृहपतिसंग क्षमा माग्नु पर्छ' भन्ने कुरामा संघलाई सहमत छ भने संघले प्रतिसारणीयकर्म गरोस् । 'सुधर्म ! तिमीले चित्र–गृहपतिसंग क्षमा माग्नुपर्छ' भन्नेबारे जुन प्रतिसार-



Downloaded from http://dhamma.digital

णीयकर्म संघले गर्छ त्यसमा जुन आयुष्मानलाई सहमत छ त्यो आयुष्मान तूणि रहनुहोस्, जुन आयुष्मानलाई सहमत छैन वहाँ बोल्नु होस् ।

(ग) "दोश्रो पटक पनि यहि कुरा दोहऱ्याउँछु, तेश्रो पटक पनि यहि नै कुरा तेहऱ्याउँछु– 'भन्ते संघ ! मेरो कुरा सुन्नुहोस् यी सुधर्म भिक्षुले श्रद्धालु संघ सेवक चित्र–गृहपतिलाई तुच्छ करामा आक्षेप गरे, निन्दा गरे । 'सुधर्म भिक्षुले चित्र-गृहपतिसंग क्षमा माग्नुपर्छ' भन्ने कुरामा संघलाई सहमत छ भने संघले प्रतिसारणीयकर्म गरोस् । 'सुधर्म ! तिमीले चित्र–गृहपतिसंग क्षमा माग्नपर्छ भन्ने बारे जुन प्रतिसारणीयकर्म संघले गर्छ त्यसमा जुन आयुष्मानलाई सहमत छ वहाँ तूष्णि रहनुहोस्, जुन आयुष्मानलाई सहमत छैन, वहाँ बोल्नुहोस् ।

(घ) 'सुधर्म भिक्षुले चित्र–गृहपतिसंग क्षमा माग्नुपर्छ भन्ने प्रतिसारणीयकर्म संघले (पारित) गऱ्यो संघलाई स्वीकार छ त्यसैले संघ तुष्णि छ' भनी धारणा गर्दछु ।"

## ६. सुधर्म भिक्षुद्वारा क्षमा याचना

चित्र–गृहपतिसंग क्षमा माग्नुपर्छ भनी संघले सुधर्म भिक्षुलाई प्रतिसारणीयकर्म गऱ्यो । संघद्वारा प्रतिसारणीय-कर्म गरिसकेपछि सुधर्म भिक्षु मच्छिकासण्डमा गई चूप लागेर बसे । चित्र–गृहपतिसंग क्षमा माग्न सकेनन् । अनि उनी पुनः श्रावस्ती मै फर्केर गए । भिक्षुहरूले उनीसंग सोधे–



Downloaded from http://dhamma.digital

आवुसो सुधर्म ! के तिमीले चित्र-गृहपतिसंग क्षमा माग्यौं ?

"हे आबुसो ! मच्छिकासण्डमा गएर चित्र-गृहपतिसंग मैले क्षमा माग्न सकिन त्यसै चुप लागेर बसे ।"

भिक्षुहरूले यो कुरा भगवानलाई निवेदन गरे। त्यस पछि भगवानले यसो भन्नुभयो- "त्यसो भए हे भिक्षुहरू ! चित्र-गृहपतिसंग क्षमा याचना गराउन संघले सुधर्म भिक्षुलाई अनुदूत दिऊन। यसरी (अनूदूत) दिनपर्छ- पहिले भिक्षुसंग अनुरोध गर्नुपर्छ अर्थात अनुदूत हुने भिक्षुको स्वीकृति लिनुपर्छ। त्यसपछि व्यक्त तथा सबल भिक्षुले संघसाई ज्ञापन गर्नुपर्छ-

भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् ! यदि संघलाई सहमत छ भने संघले चित्र-गृहपतिसंग क्षमा याचना गराउन सुधर्म भिक्षुलाई अमुक भिक्षु अनुदूत दिनु होस्। यो ज्ञापन हो ।

भन्ते संघ ! मेरो कुरा सुन्नुहोस । चित्र-गृहपतिसंग क्षमा याचना गराउन संघले सुधर्म भिक्षुलाई अमुक भिक्षु अनुदूत दिन्छ। चित्र-गृहपतिसंग क्षमा याचना गराउन संघले सुधर्म भिक्षुलाई अमुक भिक्षु अनुदूत दिने बारे जुन आयुष्मानलाई सहमत छ वहाँ तूष्णि रहनुहोस; जुन आयुष्मानलाई सहमत छैन वहाँ बोल्नुहोस ।

"चित्र-गृहपतिसंग क्षमा याचना गराउन संघले सुधर्म भिक्षुलाई अमुक भिक्षु अनुदूत दिए। संघलाई सहमत छ, 'त्यसैले संघ तूष्णि छ भनी धारणा गर्छु ।"



Downloaded from http://dhamma.digital

"हे भिक्षुहरू ! तो सुधर्म भिक्षुले मच्छिकासण्डमा गई 'हे गृहपति ! क्षमा गर, म तपाईलाई प्रशन्न पार्नेछु भनी चित्र–गृहपतिसंग क्षमा याचना गर्नुपर्छ। यसोभन्दा क्षमा गरि बेसै भयो, यदि क्षमा गरेनन् भने 'हे गृहपति ! यी भिक्षुलाई क्षमा गरिदेऊ यिनले तिमीलाइ प्रसन्न गराउने छन्' भनी अनुदूत भिक्षुले भन्नुपर्छ। यसो भन्दा क्षमा गरे बेशै भयो, यदि क्षमा गरेनन् भने 'यी भिक्षुलाइ क्षमा गर; म तिमीलाइ प्रसन्न गर्नेछु' भनी अनुदूत भिक्षुले भन्नुपर्छ। यसोभन्दा क्षमा गरे बेशै भयो, यदि क्षमा गरेनन् भने 'हे गृहपति ! यी भिक्षुलाइ संघको वचनले क्षमा गर !' भनी अनुदूत भिक्षुले भन्नुपर्छ। यसो भन्दा क्षमा गरे बेशै भयो, यदि क्षमा गरेनन् भने अनुदूत भिक्षुले सुधर्म भिक्षु-लाई चित्र-गृहपतिले देख्ने ठाउँमा, सुन्ने ठाउँमा उत्तरासङ्ग (एकसरो चीवर) एकांश गराई टुक्रुक्क बसाइ हात जोडाइ आपत्ति देशना गराउनु पर्छ।"

अनि मच्छिकासण्डमा गइ सुधर्मलाइ अनुदूत भिक्षुले चित्र–गृहपतिद्वारा क्षमा दिलाइ दिए।

## १०. मापदण्ड

यस्तो मैले सुने।

एक समय भगवान श्रावस्तीस्थित अनाथपिण्डिक गृह-पतिको जेतवन विहारमा बस्नु भएको थियो। त्यस बखत भगवानले भिक्षुहरूलाई आमन्त्रण गरी यस्तो भन्नुभयो:–



Downloaded from http://dhamma.digital

हे भिक्षुहरू ! लाभ सत्कार र यशकीर्ति भनेको अति दरूण, कटु र खरो हुन्छ र अनुत्तर योगक्षेम प्राप्तिको लागि हानीकारक पनि हुन्छ। त्यसैले (तिमीलाई) तिमीहरूले यस्तो सिक्नुपर्छ कि– उत्पन्न भएको लाभ सत्कार र यशकीर्ति छाड्ने छौं तथा उत्पन्न भएको लाभ सत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैनौं।' श्रद्धालु एक पौत्रिक उपासकले आफ्नो एकलौटे प्रिय मनाप पुत्रको यस्तो सम्यक कामना गर्नुपर्छ–

(१) 'हे तात ! तिमी त्यस्तो हुन सक ! जस्तो कि चित्र–गृहपति तथा हस्तक आलवक छन्।'

भिक्षुहरू ! मेरो श्रावक उपासकहरूमा यही नै मापदण्ड हो, यही नै प्रमाणकर हो जस्तो कि– चित्र–गृहपति तथा हस्तक आलवक।'

(एकलौटे प्रिय पुत्रको यस्तो पनि सम्यक कामना गर्नुपर्छ–)

(२) यदि तात ! तिमी घरबार छाडि अनगारिक भई प्रव्रजित हुन चाहन्छौ भने– तिमी त्यस्तो हुन सक, जस्तो कि– सारिपुत्र तथा महामौग्दल्यायन हुनु हुन्छ।''

भिक्षुहरू ! मेरो श्रावक भिक्षुसंघमा यही नै मापदण्ड हो, यही नै प्रमाणकर हो जस्तो कि– सारिपुत्र तथा महामौग्दल्यायन हुनु।'

(एक लौटे प्रिय पुत्रको यस्तो पनि सम्यक कामना गर्नुपर्छ–)



Downloaded from http://dhamma.digital

(३) हे तात ! तिमीलाई शैक्षत्व प्राप्त नभइकन लाभ सत्कार र यशकर्मी प्राप्त नहोस् ! यदि भिक्षुलाइ शैक्षत्व प्राप्त नभइकन लाभ सत्कार र यशकीर्ति प्राप्तभयो भने उसको निम्ति यो हानीकारक हुन्छ ।'

भिक्षुहरू ! यस प्रकार लाभसत्कार र यशकीर्ति अति दरूण, कटु र खरो हुन्छ र अनुत्तर योगक्षेम प्राप्तिको लागि हानिकारक पनि हुन्छ । अतः तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीर्ति छाड्ने छौं तथा उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैन भनी सिक्नुपर्छ ।"

## ११. बुद्धद्वारा प्रशंसा

(एक दिन श्रावस्तीस्थित जेतवन विहारमा भगवानले चित्र-गृहपतिको प्रशंसा गर्नु हुदै यसो मज्ञुभयो-)

हे भिक्षुहरू ! चित्र-गृहपति ६ गुण-धर्महरूले सुसम्पन्न भई, तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृत साक्षात्कार गरी बसेका छन् । कुन ६ गुण-धर्म भने ?-

(१) बुद्धप्रति अटल-श्रद्धा, (२) धर्मप्रति अटल श्रद्धा, (३) संघप्रति अटल श्रद्धा, (४) आर्यशील, (५) आर्य ज्ञान र (६) आर्य बिमुक्ति ।'

यीनै ६ गुण-धर्महरूले सुसम्पन्न भई चित्र-गृहपति तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृत साक्षात्कार गरी बसेका छन ।"



Downloaded from http://dhamma.digital

## २३. अग्रस्थान घोषणा

(एकदिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षु तथा उपासकहरूमा एक सभामा धर्मकथिक श्रावक उपासकहरूका बारे कुरा चलि रहेको वेलामा भगवानले धर्मकथिकहरू मध्येमा चित्रगृहपति अग्रगण्य छन भनी भन्नु हुँदै निम्न कुरा व्यक्त गर्नु भयो । )

**"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं धम्म कथिकान यदिदं चित्तो गहपति मच्छिका सण्डिको ।"**

हे भिक्षुहरू ! मेरा धर्मकथिक श्रावक उपासकहरू मध्यमा मच्छिकासण्ड बस्ने चित्र–गृहपति अग्र छन ।

## १३. आयाचना

"भिक्षुहरू ! श्रद्धालु उपासकले सम्यक आयाचना गर्ने हो भने यसप्रकार आयाचना गर्नुपर्छ– त्यस्तो हुन सकोस् ! जस्तो कि– चित्र–गृहपति तथा हस्तक आलवक ।' भिक्षु-हरू ! मेरो श्रावक उपासकहरूमा यही नै मापदण्ड हो, यही नै प्रमाणकर हो जस्तो कि– चित्र–गृहपति तथा हस्तक आलबक छन ।"

## १४. निगण्ठनाथ पुत्र

त्यस समय निगण्ठनाथपुत्र धेरै निगण्ठ–परिवारहरूका साथ मच्छिकासण्ड नगरमा आइपुगे ।



Downloaded from http://dhamma.digital

त्यस बखत चित्र–गृहपतिले, "निगण्ठनाथपुत्र धेरै निगण्ठ परिवारहरूका साथ मच्छिकासण्ड नगरमा आइपुग्नु भएका छन" भन्ने खबर सुनी चित्र–गृहपति केही उपासक-हरूसंग जहाँ निगण्ठनाथपुत्र थिए त्यहाँ गए। अनि निगण्ठ-नाथपुत्रसंग सम्मोदनीय कुरा गरी एक छेउमा बसे। एक छेउमा बसेका चित्र–गृहपतिसंग निगण्ठनाथपुत्रले सोधे:–

हे गृहपति ! के तिमीले श्रमण गौतममा अवितर्क अविचार युक्त समाधि छ ? अथवा वितर्क विचार निरोध हुन्छ भनी विश्वास गर्दछौ ?

"भन्ते ! यस विषयमा श्रमण गौतममा अवितर्क अविचार युक्त समाधि छ अथवा वितर्क विचार निरोध हुन्छ भनी म न केवल श्रद्धाले मात्र ग्रहण गर्छु।"

यसो भन्दा निगण्ठनाथपुत्रले त्यहाँ उपस्थित सबैलाई हेरी यसो भने– "हेर ! यी चित्र–गृहपति कति सोझा छन, कति सिधा छन, कति असठ छन, कति अमायावी छन,। हावालाई जालमा पाँको पार्न खोजेझैं वितर्क विचार निरोध हुन्छ भनी ठान्दछन। आफ्नो मुठ्ठीले गङ्गाको स्रोत रोक्न खोजेझैं (जो) वितर्क विचारलाई निरोध गर्न खोज्दछन।"

यसपछि चित्र–गृहपति सोध्दछन:–

"भन्ते ! तपाई ज्ञान र श्रद्धामध्ये प्रणीततर छ भनी भन्नुहुन्छ ?"

"हे गृहपति ! म श्रद्धा भन्दा ज्ञानलाई नै प्रणीततर छ भनी भन्दछु।"



Downloaded from http://dhamma.digital

प्रथमध्यान– "भन्ते ! म जतिञ्जेलसम्म इच्छा गर्छु त्यतिञ्जेलसम्म कामबाट अलग भई, अकुशलबाट अलग भई, वितक र विचार भएको एकान्तवास (ध्यान) बाट उत्पन्न प्रीति र सुख भएको प्रथम ध्यानमा बस्दछु ।

द्वितीयध्यान– "भन्ते ! म जतिञ्जेलसम्म इच्छा गर्छु त्यतिञ्जेलसम्म वितर्क र विचारलाई उपशम गरी अभ्यन्तर सम्प्रसादलाई एकाग्र गरी वितर्क बिचार रहित समाधिबाट प्राप्त हुने प्रीति–सुख भएको द्वितीयध्यानमा बस्दछु ।

तृतीयध्यान– "भन्ते म जतिञ्जेलसम्म इच्छा गर्छु त्यतिञ्जेलसम्म प्रीतिलाई पनि त्यागेर उपेक्षित भई, स्मृतिवान ज्ञानवान भई शरीरलाई सुखानुभव गर्छु, जसलाई ज्ञानीहरू उपेक्षावान, स्मृतिवान सुखपूर्वक बस्ने भनी भन्छन । यस प्रकारको तृतीयध्यानमा पनि बस्दछु ।

चतुर्थध्यान– "भन्ते ! जतिञ्जेलसम्म इच्छा गर्छु त्यतिञ्जेलसम्म सौमनस्य दौर्मनस्यलाई पहिले नै अन्तगरी, सुख र दुःखलाई त्यागि, दुःख र सुख नभएको स्मृति परिशुद्ध भई उपेक्षा भएको चतुर्थध्यानमा पनि बस्दछु ।

"भन्ते यसरी मैले चतुर्थध्यानसम्म स्वयं जानी हेरी ग्रहण गरेको हुँ, कुनै श्रमण ब्राह्मणप्रतिको श्रद्धाले मात्र ग्रहण गरेको होइन । भन्ते ! अवितर्क अविचारले युक्त समाधि पनि छ, बितर्क र विचारको निरोध पनि छ ।"



Downloaded from http://dhamma.digital

यसो भन्दा आफ्नो परिषदलाई हेरी निगण्ठनाथपुत्रले यसो भने– "हेर ! यी चित्र–गृहपति कति बाङ्गा कति सठ र कति मायाबी (छलकपट) रहेछन ।"

भन्ते ! अहिले भरखर मात्र तपाईले मलाई हेर ! यी चित्र–गृहपति कति सोजा, सीधा असठ र अमायाबी (छल-कपट–रहित) छन, भनी भन्नुभयो, फेरि अहिले तपाई हेर यी चित्र–गृहपति कति बाङ्गा, सठ, मायावी छन भनी भन्नु हुन्छ। यदि तपाईले पहिले भन्नु भएको कुरो असत्य हो भने पछि भन्नुभएको कुरो सत्य ठहर्छ, यदि पछि भन्नु भएको कुरो असत्य हो भने पहिले भन्नुभएको कुरो सत्य ठहर्छ ।

भन्ते ! यहाँ दश सहधार्मिक (कारणसहित) प्रश्नहरू उपस्थित हुन्छन । जब यिनीहरूको अर्थ बुझ्नु हुनेछ तबमात्र तपाईहरूले मलाई निगण्ठनाथपुत्र परिषद अगाडि लैजानु होला । ती दश प्रश्नहरू यिनै हुन– एकै प्रश्न, एकै उद्‌देश्य र एकै उत्तर, दुई प्रश्न, दुई उद्‌देश्य, दुई उत्तर, तीन प्रश्न तीन उद्‌देश्य र तीनै उत्तर, चार प्रश्न, चार उद्‌देश्य र चारै उत्तर, पाँच प्रश्न, पाँच उद्‌देश्य र पाँचै उत्तर, ६ प्रश्न, ६ उद्‌देश्य र ६नै उत्तर, सात प्रश्न, सात उद्‌देश्य र सातै उत्तर, आट प्रश्न, आठ उद्‌देश्य र आठै उत्तर, नौ प्रश्न, नौ उद्‌देश्य र नौंनै उत्तर तथा दश प्रश्न, दश उद्‌देश्य र दशै उत्तर ।"

निगण्ठनाथपुत्रसंग यी कारण सहित दश प्रश्नहरू सोधी चित्र–गृहपति आसनबाट उठी फर्केर गए ।



Downloaded from http://dhamma.digital

## १५. अचेल–कश्यप

त्यस बखतमा चित्र–गृहपतिका पुराना गृही साथी अचेल कश्यप भन्ने मच्छिकासण्ड नगरमा आइपुगेका थिए।

चित्र–गृहपतिले हाम्रा पुराना गृही साथी अचेल कश्यप मच्छिकासण्डमा आइ पुगेका छन्" भन्ने खबर सुने। अनि चित्र–गृहपति जहाँ अचेल काश्यप बसेका थिए त्यहाँ गई अचेल–कश्यपसंग सम्मोदनीय कुरा गरी एक छेउमा बसे। त्यसपाछ चित्र–गृहपतिले अचेल काश्यपसंग सोधः–

"भन्ते कश्यप ! तपाई प्रब्रजित हुनु भएको कति वर्ष भयो ?"

"ह गृहपति ! म प्रब्रजित भएको तीस वर्ष भइसक्यो।"

भन्ते कश्यप ! यी तीसवर्षका बीच कुनै उत्तरीय मनुष्य धर्म अथवा कुनै आर्य ज्ञान दर्शन विशेषता प्राप्तगरी कुशलपूर्वक बस्नु भएको छ त !"

हे गृहपति ! यी तीसवर्षको प्रवज्याभित्र मैले न कुनै उत्तरीय–मनुष्यधर्म नै प्राप्त गर्न सके– सिवाय नग्नता मुण्डनता र भुइमा बसेका धुलो टक्टक्याउनु बाहेक !

यो कुरा सुनी चित्र–गृहपतिले अचेल–कश्यपलाई भनेः–

आश्चर्य ! अदभुत हो भन्ते ! यसो भए कसरी त्यो धर्म सु–अख्यात हुन सक्ला। जहाँ कि तीसवर्ष सम्ममा पनि कुनै उत्तरीय मनुष्यधर्म वा आर्यज्ञान दर्शन विशेषता अधिगमन गर्न सक्नु भएन। सिवाय नग्नता, मुण्डनता र भुइमा बसेको धूलो टकटक्याउनु बाहेक !!"



Downloaded from http://dhamma.digital

हे गृहपति ! तिमी उपासकत्वमा गएको कतिवर्ष भयो नि ?"

"भन्ते ! म उपासकत्वमा गएको पनि तीसैवर्ष भइ सक्यो।"

हे गृहपति ! यी तीसवर्षको बिचमा तिमीले कुनै उत्तरीय मनुष्यधर्म वा आर्यज्ञान दर्शन विशेषता प्राप्त गरी कुशलतापूर्वक बसेका छौं त !"

"भन्ते ! गृहस्थीहरूले पनि यस्तो ज्ञान प्राप्त गर्न सक्छन। भन्ते ! म जतिञ्जेलसम्म इच्छा गर्छु त्यतिञ्जेल सम्म कामबाट अलग भई, अकुशलबाट अलग भई, वितर्क र विचार भएको एकान्तबास (ध्यान) बाट उत्पन्न प्रीति र सुख भएको प्रथम ध्यान ... द्वितीय-ध्यान ... तृतीय-ध्यान ... र चतुर्थ-ध्यानमा बस्दछु। यदि भगवान भन्दा अगाडि मेरो मृत्यु भएमा भगवानले मलाई यसो भन्नु भएमा कुनै आश्चर्य लाग्ने छैन- चित्र-गृहपतिमा त्यो संयोजन छैन जुन संयोजन भएको भए उ पुनः यस लोकमा आउने थियो।"

यति कुरा सुनेर अचेल-कश्यपले चित्र-गृहपतिलाई यसो भने:-

हे गृहपति ! आश्चर्य अदभुत ! कस्तो यो सु-आख्यात धर्म-विनय ! जहाँ कि शुद्धगृही जीवनमा बस्नेले पनि उत्तरीय-मनुष्यधर्म र आर्यज्ञान दर्शन विशेषता प्राप्त गरी कुशलपूर्वक बस्दछन। हे गृहपति ! यस्तो धर्म-विनयमा



Downloaded from http://dhamma.digital

प्रवज्या तथा उपसम्पदा पाउन पाए बेश हुने थियो।"

त्यसपछि चित्र-गृहपतिले अचेल-कश्यपलाई जहाँ थेर भिक्षुहरू हुनुहुन्थ्यो त्यहाँ लगी थेर भिक्षुहरूसंग प्रार्थना गरे- "भन्ते ! यी अचेल-कश्यप हाम्रा पुराना गृही साथी हुन। यिनलाई थेर भिक्षुहरूले प्रव्रज्या र उपसम्पदा गरि दिनु भए बेश हुने थियो। म उनको चीवर, भिक्षा-भोजन शयनासन र गिलानप्रत्यय भैषर्ज्य परिष्कारद्वारा उपस्थान गर्नेछु।" यस पछि अचेल-कश्यपले यस धर्म विनयमा प्रव्रज्या र उपसम्पदा पाए।

अनि आयुष्मान कश्यप उपसम्पदा भएको केही दिन पछि एकान्तवास गरी, अप्रमत्त भई आतप्त सम्पन्न भई बसिरहँदा- जसको निम्ति कुलपुत्रहरू घरबार छाडी अनगारिक भई प्रवजित हुन्छन- सोही अनुत्तरफल प्राप्त गरी ब्रह्मचर्यवास पूरा गरी, यसै जन्ममा स्वयं अभिज्ञान साक्षात्कार गरी बसे। उनलाई "जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरी सके र पुनः यहाँ आउनु पर्ने कुनै हेतु छैन" भन्ने ज्ञान पनि भए।

आयुष्मान कश्यप अन्यतर अरहत पनि हुनु भयो।

## १६. बिरामी चित्र गृहपति

त्यस बखत चित्र-गृहपति सारै बिरामी भई दुःखी थिए। अनि केही आराम-देवता, बन-देवता, वृक्ष-देवता तथा अरू देवताहरू पनि एकत्रित भई चित्र-गृहपतिलाई यसो भने- हे गृहपति ! प्रणिधान गर अनागतमा तिमी



Downloaded from http://dhamma.digital

चक्रवर्ती राजा हुन सक्नेछौं ।"

यसो भन्दा चित्र-गृहपतिले ती देवताहरूलाई भनेः– त्यो पनि अनित्य हो त्यो पनि अध्रुव हो त्यो पनि छाडेर नै जानुपर्छ ।"

चित्र-गृहपतिका यी कुरा सुनी चित्र-गृहपतिका मित्र, अमात्य तथा नगिचका ज्ञातिबन्धुहरूले उनलाई यसो भने– "भो आर्यपुत्र स्मृति थातमा राख्नु होस् ! प्रलाप नगर्नु होस् ! होस राख्नुहोस् !"

"तिमीहरूलाई म के भनौं जोकि तिमीहरू मलाई 'भो आर्यपुत्र ! स्मृति थातमा राख्नु होस् ! प्रलाप नगर्नु होस् ! होस राख्नु होस् ! भनी भन्दछौं ।"

तपाई आर्यपुत्र ! यसो भन्नु हुन्छ त– त्यो पनि अनित्य हो, त्यो पनि अध्रुव हो, त्यो पनि छाडेर नै जानुपर्छ ।"

आराम-देवता, बन–देवताहरूले मलाई यस्तो भने कि– हे गृहपति ! प्रणिधानगर, अनागतमा तिमी चक्रवर्ती राजा हुन् सक्नेछौं !' यो कुरा सुनी मैले ती देवताहरूलाई– त्यो पनि अनित्य हो, त्यो पनि अध्रुव हो, त्यो पनि छाडेर नै जानुपर्छ भनि भनेको हुँ ।

ती आराम-देवताहरूलाई यस्तो लाग्यो कि– यी चित्र-गृहपति शीलवान कल्याणधर्मी हुन ।

यदि यिनले प्रणिधान गरेको खण्डमा यिनी चक्रवर्ती राजा हुन सक्नेछन । यिनको यो प्रणिधान सिद्ध हुनेछ । किनभने यिनको शीलवान तथा धार्मिक जन, अत यिनलाइ



Downloaded from http://dhamma.digital

धर्मको फल प्राप्त हुनेज ।' ती आराम-देवताहरूले यस्तो विचार गरी मलाई- 'प्रणिधानगर, अनागतमा तिमी चक्रवर्ती राजा हुनेछौं' भनी भनेका हुन । तिमीहरूलाई नै मैले यसो भनेको हुँ- त्यो पनि अनित्य हो, त्यो पनि अध्रुव हो, त्यो पनि छाडेर नै जानु पर्छ ।"


"हे आर्यपुत्र ! त्यसो भए हामीहरूलाई पनि उपदेश दिनुहोस् ।"

हे आर्यपुत्रहरू ! त्यसो भए तिमीहरूले यस्तो सिक्नु-पर्दछ 'बुद्धप्रति अत्यन्त प्रसन्न हौं- वहाँ भगवान अरहत हुनुहुन्छ । धर्मप्रति अत्यन्त प्रसन्न हौं- भगवानको धर्म सु-आख्यात छ । संघप्रति अत्यन्त प्रसन्न हौं- भगवानको श्रावक संघ सु-प्रतिपन्न छ । जे जति कुलघरमा देव्यवस्तुहरू छन ती सबै शीलवान कल्याण धर्मीहरूलाई प्रदान गरौं अर्थात यति हामीलाई यति शीलवानहरूलाई भनी नभनौं भनी तिमीहरूले सिक्नु पर्दछ ।"

अनि चित्र-गृहपति मित्र अमात्य तथा ज्ञाति-बन्धुहरूलाई बुद्ध धर्म संघ तथा त्यागमा प्रतिष्ठित गराई परलोक गए ।



Downloaded from http://dhamma.digital



## भिक्षु सम्यक ज्योतिया सम्पादन व रचित जूगु सफू

| | थल | पिकाक |
|---|---|---|
| १) | ख्वपदे बाहा बहि संक्षिप्त परिचय | मुनि बिहार, ख्वप |
| २) | मुनि बिहार संक्षिप्त परिचय | गणेशमाया बज्राचार्य<br>मोहन देवी वैद्य ख्वप |
| ३) | मल्लकालीन बौध्द कलाकृति | बौद्ध अध्ययन परिषद, ख्वप |
| ४) | नुग पुचः | प्रणिधिपूर्ण महाबिहार, यें |
| ५) | दीपंकर ज्ञानमाला छफो स्वाँ | ज्ञानमाला संघ, ख्वप |
| ६) | दीपंकर ज्ञानमाला निफो स्वाँ | मुनिविहार, ख्वप |
| ७) | बुद्धया सत् उपदेश | सुमङ्गल विहार, यल |
| ८) | ख्वपय थेरवादी बुद्धधर्म | मुनि विहार, ख्वप |
| ९) | चित्र-गृहपति | मणि रत्न बज्राचार्य, ख्वप |

मुद्रकः कृष्णा प्रिन्टर्स, इटुम्बहाल (बहालभित्र) काठमाडौं २१६८५६

Downloaded from http://dhamma.digital